जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ३ • २०८३ साल जेठ ९ गते शनिबार (23 May, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–

# सभापति स्वर्णकारलाई पार्टीबाट निष्कासित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशको ८ जिल्ला मध्ये बारामा सांगठनिक गतिविधि सुस्त रुपमा अघि बढिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले जनाएको छ।



बाराका सभापति चन्दन स्वर्णकार (सर्राफ) लाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेपछि बारा जिल्लामा रास्वपालाई सांगठनिक गतिविधि अघि बढाउन चुनौती थपिदैं गएको छ।

पार्टीको केन्द्रीय अनुशासन आयोगको सिफारिसमा गत वैशाख ३० गते बसेको केन्द्रीय समितिको बैठकले स्वर्णकारको साधारण सदस्यतासमेत खारेज गर्ने निर्णय गरेको थियो। केन्द्रीय कार्यालय संगठन विभागका सचिव शंकर श्रेष्ठद्वारा जेठ ६ गते प्रेषित पत्रमार्फत उक्त निर्णयको आधिकारिक जानकारी गराइएको छ।

बारा समिति भंग गरिएको छ भने सभापति स्वर्णकारलाई पार्टीबाट निष्कासनसमेत गरिएको छ।

मधेश प्रदेशको पार्टी संगठन विभाग प्रमुख कामिनी चौधरीले सदस्यता वितरण बाहेक अधिवेशनका कामहरू रोक्न परिपत्र समेत गरेकी छन्।

मधेश प्रदेशका आठ जिल्ला मध्ये तुलनात्मक रुपमा सप्तरीमा सांगठनिक रुपमा अघि रहेको रास्वपाले जानकारी गराएको छ। मधेशमा वडा र पालिकाहरुको अधिवेशन ६० प्रतिशत भन्दा बढीमा हुने प्रदेशको संगठन विभाग प्रमुख चौधरीले प्रस्ट्याइन्।

यता पार्टीको यस कदमप्रति कडा आपत्ति जनाउँदै स्वर्णकारले सामाजिक सञ्जालको फेसबुकमार्फत आफ्नो आक्रोश पोखेका छन्। आफूलाई अन्यायपूर्ण तरिकाले हटाइएको दाबी गर्दै उनले यसलाई 'राजनीतिक हत्या' को संज्ञा दिएका छन्।

स्वर्णकारले जेठ ९ गते शनिबार हुन लागेको बारा जिल्लाको विस्तारित बैठक र अधिवेशनको ठिक अगाडि पारेर आफूविरुद्ध षड्यन्त्र रचिएको आरोप लगाएका छन्। तथ्य र प्रमाणहरूलाई पूर्ण रूपमा नजरअन्दाज गर्दै कुनै निष्पक्ष छानबिन बिना नै केन्द्रले आफूलाई निष्कासन गरेको उनको भनाइ छ। अधिवेशनमा इमानदार पार्टी सदस्यहरूले आफूलाई पुनः जिल्ला सभापति चुन्ने डरले माननीयहरूको दबाबमा यस्तो निर्णय गराइएको दाबी समेत उनले गरेका छन्।

# मधेश प्रदेशका मुख्यमन्त्रीलाई विश्वासको मत

## मुख्यमन्त्रीको पक्षमा ६२ मत, विपक्षमा ३६ मत, मधेशी दल सत्ता बाहिर

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले शुक्रवार विश्वासको मत प्राप्त गरेका छन्। उनको पक्षमा ६२ जनाले मतदान गरेको प्रदेश सभा सचिवालयले जनाएको छ।



सरकारमा रहेको जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिनु परेको हो ।जनमत पार्टीले अर्थमन्त्री महेश यादव र खेलकुद तथा समाजकल्याण मन्त्री वसन्त कुशवाहालाई हटाउन मुख्यमन्त्रीलाई दबाब दिएको थियो ।तर उनले मन्त्रीलाई हटाउन चासो नलिएपछि जनमत पार्टीले दलको नेता परिवर्तनगरी समर्थन फिर्ता लिएको थियो।

सरकारलाई नेपाली कांग्रेसको २२ , नेकपा एमालेको २४ र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)को १५ र संघीय समाजवादी पार्टीकी १ जनाले समर्थन गरेका थिए।

प्रदेश सभामा हाल १ सय ३ सदस्य रहेका छन् ।त्यसमध्ये जसपा नेपालका २ जना निलम्बनमा छन्। कुल उपस्थित सदस्य संख्या ९९ मध्ये उपसभामुखले मतदानमा भाग लिइनन् ।जसपा नेपालकी एकजना सांसद अनुपस्थित रहेकी थिइन्।

तर जनमत पार्टीका ११ जना सांसदमध्ये १० जनाले सरकारको विपक्षमा मतदान गरे ।सरकारको पक्षमा रहेका अर्थमन्त्री यादव र खेलकुद तथा समाजकल्याण मन्त्री कुशवाहाले पनि विपक्षमा मतदान गरे ।उनीहरुले अन्तिम समयसम्म सरकारलाई साथ दिए पनि विहीबार अबेर राति मुख्यमन्त्री यादवले मन्त्रिपरिषद् पुनर्गठनको क्रममा हटाएका थिए।

जसपा नेपालको विहीवार सम्पन्न संसदीय दलको बैठकले सरकारको पक्षमा मतदान गर्न ह्विप जारी गरेको थियो ।तर मुख्यमन्त्री यादवले विहीवार राति सरकारबाट जसपालाई हटाएपछि शुक्रवार भएको विश्वासको मत सम्बन्धी छलफलमा विपक्षमा मतदान गर्ने निर्णय गरिएको जसपाका नेता मनिष सुमनले जानकारी गराएका थिए।

मधेश प्रदेशको दोस्रो कार्यकालमा यादव पाँचौ मुख्यमन्त्री हुन् ।यस अघि जसपा नेपालका सरोज कुमार यादव, जनमत पार्टीका सतीश कुमार सिंह, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का जितेन्द्र सोनल र नेकपा एमालेका सरोज कुमार यादव मुख्यमन्त्री बनेका थिए ।त्यसमध्ये सोनल र यादवको कार्यकाल एक महिनाको मात्र रहेको थियो।

मधेश प्रदेशमा नेकपा एमाले छ महिना भित्र कमब्याक गरेको छ ।मुख्यमन्त्री बनेका एमाले संसदीय दलका नेता सरोज कुमार यादवलाई हटाउन सर्वोच्च अदालतसम्म पुगेका नेकां संसदीय दलका नेता कृष्ण प्रसाद यादवले सबै दललाई विश्वासमा लिएर कसरत गरेका थिए।

यादवको नियुक्तिको क्रममा तत्कालीन प्रदेश प्रमुख सुमित्रा भण्डारी बर्खास्त भएकी थिइन् ।तर एमाले दलका नेता यादवले प्रदेशको राजनीतिमा ठूलो फड्को मार्दै एमालेसित गठनबन्धनमा सरकार बनाउन नचाहने मधेश केन्द्रित दलहरुलाई नै 'आउट' गरिदिएका छन्। एमाले स्रोतका अनुसार मो.समिम बिना बिभागीय मन्त्री नियुक्त भइसकेका छन् ।उनी भौतिक मन्त्री बन्ने बलियो सम्भावना छ ।त्यसैगरी धनुषाबाट हरिनारायण महतोको मन्त्री बन्ने सम्भावना छ ।सिरहाबाट मनोज सिंह मन्त्री बन्ने सम्भावना पनि रहेको स्रोतले जनाएका छन् ।तर धनुषामा लखन दास पनि मन्त्री बन्ने सम्भावित सूचीबाट हटेको छैन्।

नेपाली कांग्रेसले पनि एकजना मन्त्री हटाउने तयारी गरेको छ ।स्वास्थ्य मन्त्री जंगीलाल रायको पद बीरेन्द्र सिंहलाई दिने तयारी गरिएको छ ।दुबै गुट बीच समन्वय गर्ने क्रममा रायलाई हटाएर सिंहलाई समावेश गर्ने सहमति भएको स्रोतले जनाएको छ।

सरकार गठनको बखत पुरानोलाई नदोहऱ्याउने सहमति मुख्यमन्त्री यादव समेतको उपस्थितिमा भए पनि त्यो सहमतिको कार्यान्वयन हुने सम्भावना छैन्।

बजेट बनाउने अन्तिम समयमा एमालेले सर्वाधिक बजेट रहने भौतिक पूर्वाधार विकास मन्त्रालय, शिक्षा र श्रम तथा यातायात मन्त्रालय सहित सरकारमा सहभागी भएको छ ।छ महिना सरकारमा रहेका मधेश केन्द्रित दलहरु बजेटको बखत सरकारबाट बाहिरिएका छन्।

पछिल्लो समय जसपा नेपाल र लोसपाबीच एकीकरण भइसकेको छ ।जनमत पार्टीसित पनि एकीकरणको 'होमवर्क' भइरहेको छ।

# मेयरद्वारा कानुन विपरीत वडाध्यक्षलाई जिम्मेवारी, उपमेयरलाई बेवास्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाकामेयरमनोजकुमार साहले उपमेयर किशोरी साहलाई बेवास्ता गर्दै कार्यभार सम्हाल्नका लागि मेयरको जिम्मेवारी परमेश्वर साहलाई दिएका छन्।





मेयर साहले उपमेयर किशोरी साहलाई बेवास्ता गर्दै कानुन विपरीत वडाध्यक्ष परमेश्वर साहलाई कार्यभार सम्हाल्नका लागि मेयरको जिम्मेवारी दिएपछि अहिले उनको आलोचना हुन थालेको छ।

आफूलाई स्वतन्त्र निर्वाचित मेयर भनिए पनि मनोजकुमार साह निर्वाचित भएपछि उनी नेपाली कांग्रेसमै फर्केका थिए। उपमेयर किशोरी साह भने पार्टीका आधिकारिक उम्मेदवार हुन् । त्यसो त जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष परमेश्वर साह पनि कांग्रेसबाट नै निर्वाचित छन् । एउटै पार्टीमा यिनीहरु रहे पनि मेयर र उपमेयरबीचको विवाद सतहमा आएको भन्दै कांग्रेसका स्थानीय नेता तथा कार्यकर्ताहरुले पनि आँकलन गर्न थालेका छन्।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर साहले कानुन विपरीत शुक्रबार जनकपुरधाम-९ का वडाध्यक्ष परमेश्वर साहलाई कार्यवाहकको जिम्मेवारी दिएका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने व्यवस्था रहेको छ।

उपमेयर किशोरी साहले आफूलाई जनकपुरधाम उपमहानगरपालिकाको कार्यवाहक मेयरको जिम्मेवारी नदिइएको बारे अन्योल प्रकट गरे।

उपमेयर किशोरी साहले भने, 'आफू जनकपुरधाममै रहेको र आफूलाई किन कार्यवाहकको जिम्मेवारी दिइएन भन्नेबारे केही थाहा नै छैन।'

'म जनकपुरधाममै विभिन्न कार्यक्रमहरूमा सहभागी भइरहेको छु। उनीहरूको यस्तै धारणा छ भने के गर्ने ? अब म लडाइँ गरौं ?', उपमेयर साहले भने । कार्यवाहकको जिम्मा पाएका वडाध्यक्ष मेयर साहका निकटका हुन्।

मेयर साहले कार्यभार दिएको पत्रमा वडाध्यक्ष परमेश्वर साहलाई कामको सिलसिलामा बाहिर जानुपर्ने भएकोले आफू फर्कि यस उपमहानगरपालिकामा उपस्थित नभएसम्म स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४)को देहाय खण्ड क १२ बमोजिम मेयरको तर्फबाट दैनिक गर्नुपर्ने सामान्य कार्यहरु सम्पादन गर्न वडाध्यक्ष परमेश्वर साहलाई जिम्मेवारी दिइएको जनाइएको छ।






# चिकित्सकको कारवाही फिर्ता लिन माग




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल चिकित्सक संघले मधेश प्रदेशस्थित प्रादेशिक कार्यालयमा कार्यरत चिकित्सकहरुलाई गरिएको कारबाही तत्काल फिर्ता लिन नेपाल मेडिकल काउन्सिलसँग माग गरेको छ।

शुक्रबार चिकित्सक संघका महासचिव डा. सन्जिव तिवारीले प्रेस विज्ञप्ति जारी गरी तत्काल कारबाही फिर्ता लिन आग्रह गरेका छन्। जेठ ४ गते उपचारका क्रममा एक बिरामीको शल्यक्रियापछि ज्यान गएको थियो।

त्यसलाई लिएर मेडिकल काउन्सिलले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल जनकपुरधाममा कार्यरत डा. धिरेन्द्रकुमार साह र डा. श्रेयालक्ष्मी साहलाई अस्पतालबाट निलम्बन गरिएको छ भने अस्पतालका प्रमुख डा. जामुनप्रसाद सिंहलाई निलम्बन गर्न मन्त्रालय तथा सम्बन्धित निकयालाई लेखी पठाउने निर्णय गरेको छ।

यसलाई लिएर चिकित्सक संघले ध्यानाकर्षण भएको जनाएको छ । 'बिरामीको अवस्था र उपचारको विषयमा वास्तविक तथ्य पत्ता नलगाई नेपाल मेडिकल काउन्सिलको अनुसन्धानविना गरिएको यस्तो निर्णय प्रचलित कानुन विपरीत रहेको संघको ठहर छ,' विज्ञप्तिमा भनिएको छ।

मधेस प्रदेश अन्तर्गत रहेका विभिन्न सरकारी अस्पतालमा छात्रवृत्ति करार अन्तर्गत कार्यरत चिकित्सकलाई समयमा तलब भत्ता उपलब्ध नगराएको संघले स्मरण गराएको छ । यस्तो अवस्थामा तथ्यविना चिकित्सकलाई निलम्बन गरिएको घटनाले अन्याय भएको र यसबाट स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पर्ने संघले जनाएको छ।

संघले तत्काल उनीहरूको कारबाही फिर्ता लिन माग गरेको छ। समयमै कारबाही फिर्ता नभए आन्दोलनमा उत्रिने चेतावनी दिएको छ। 'मधेस प्रदेशअन्तर्गत कार्यरत चिकित्सकहरूले उठाएको मागप्रति संघको एक्यबद्धा रहेको बेहोरो अवगत गराउँदै ७२ घण्टाभित्र निलम्बन फिर्ता नभए आन्दोलनको कार्यक्रम घोषणा गर्न संघ बाध्य हुने बेहोरो समेत यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं,' चिकित्सक संघले भनेको छ।

# सुर्यनाथ अस्पतालको अध्यक्षमा चोरवार

**टुडे समाचारदाता**



जनकपुरधाम । धनुषा यदुकोहा नगरपालिका २ डुमरियास्थित शहीद सुर्यनाथ राण स्मृति प्रादेशिक अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्षमा शैलेन्द्र कुमार चोरवारलाई मनोयन गरिएको छ।

मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट चोरवारलाई अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्षमा मनोयन गरिएको हो।

जेठ ४ गते जारी गरिएको मनोयन पत्रमा चोरवारलाई काम, कर्तव्य र पदीय जिम्मेवारी लगायतका अन्य कुराहरु सोहि कार्यविधि बमोजिम हुने जनाइएको छ।

मनोयनपछि जनकपुर टुडेसँग कुरा गर्दै अध्यक्ष चोरवारले भने ' उपेक्षामा परेका यस अस्पताललाई आफू बढीभन्दा बढी बजेट सरकारसँग उपलब्ध गराएर गुणस्तरीय सेवा प्रदान गर्ने प्रयास गर्नेछु।'

उनले आफू जिम्मेवारीमा आएपछि यस अस्पतालको सुदृढिकरण व्यवस्थित व्यवस्थापन र थप सेवा संचालनका लागि आफू सकेसम्म प्रयास गर्नेछु। सो अस्पतालबाट कयौं गाउँका सेवाग्राहीले लाभ उठाउँदै आएको छ । लामो समयदेखि निर्माणाधिनी सो अस्पताल तत्कालिन मुख्यमन्त्री सतिश सिंहको प्रयासमा २०८१ भदौ महिनामा संचालनमा ल्याइएको थियो।

# घरमै दूध बिक्न थालेपछि किसान उत्साहित

महोत्तरी। बर्दिबास नगर कार्यपालिकाको अग्रसरतामा किसान सहकारी संस्थाले घरघरै पुगेर दूध सङ्कलन गर्न थालेपछि यहाँका किसान उत्साहित भएका छन् । किसानले उत्पादन गरेको दूधका लागि बजार सुनिश्चित हुनुका साथै अनुदान पनि प्राप्त गर्ने भएका छन्।

सहकारी संस्थाले घरघरबाटै सङ्कलन गर्ने दूधको मासिक भुक्तानीसँगै नगर कार्यपालिकाको कार्यालयले प्रतिलिटर दुई रूपैयाँ अनुदान दिएपछि किसान मख्ख छन्। "दूधका लागि पशुपालन गर्न घाँस र चरनको सुविधा भए पनि बजार सुनिश्चित नहुँदा हैरानी थियो", बर्दिबास-३ कालापानीका किसान बालकिशोर रायमाझी भन्नुहुन्छ, "अब त नगर कार्यपालिकाको कार्यालयकै रोहबरमा संस्थाले दूध लिने व्यवस्था भयो, यसले धेरै सजिलो भएको छ।" संस्थाले गत वैशाखको तेस्रो सातादेखि घरघरमै पुगेर दूध सङ्कलन थालेको हो।

यसअघि होटल तथा चिया पसलमा दूध दिएर भुक्तानी लिन सास्ती व्यहोरेका किसान अहिले महिना अन्त्य हुनबित्तिक्कै संस्थामै खोलिएको खातामा एकमुष्ट रकम जम्मा हुने व्यवस्थाले दङ्ग छन्। "न दूध पुर्याउन जाने झन्झट, न भुक्तानीमा कचकच", बर्दिबास-६ किसाननगरका किसान राजबाबु महतो भन्नुहुन्छ, "यो टिकाउ भइदिए हुन्थ्यो।" संस्थागत काम हुँदा यो टिकाउ हुने किसानको आस छ।

संस्थाले दूध उत्पादक किसानलाई अनिवार्य सेयर सदस्यता लिनुपर्ने व्यवस्था गरेको छ । यसले संस्थाको गतिविधिमा किसानको नियमित रेखदेख पुग्ने र अपनत्व बढ्ने विश्वास लिइएको छ । त्यसैगरी, बर्दिबास नगर कार्यपालिकाको कार्यालयले नै पाँच लाख रकमको सेयर सदस्यता लिनसँगै दूध सङ्कलन, भण्डारण र वितरण व्यवस्था प्रयोजनका सामग्रीसमेत उपलब्ध गराएको छ।

"किसान सहकारी संस्थालाई वास्तविक किसानसँग जोडेर सुदृढ गराइन पहलकदमी लिइएको हो", बर्दिबास नगरप्रमुख प्रल्हादकुमार क्षेत्री भन्नुहुन्छ, "यसले किसान लाभान्वित हुने विश्वास लिएका छौं।" पाँच दशकअघि स्थापित साझा संस्थालाई क्रियाशील बनाएर किसानसँग जोड्न किसान सहकारी संस्थामा



परिवर्तित गरिएको हो।

सहकारी संस्थालाई सुदृढ बनाइँदै पशुपालन र दूध उत्पादनलाई टेवा पुर्याउन र यो व्यवसायलाई प्रवर्द्धन गर्न नगर कार्यपालिकाले संस्थागत प्रयत्न थालेको क्षेत्रीको भनाइ छ। "अहिले पशुपालन र दूध उत्पादक किसानलाई प्रत्यक्ष लाभ र हौसला हुनेगरी अनुदानको व्यवस्था गरिएको छ", उहाँ भन्नुहुन्छ, "नगरपालिका किसानका सबै उत्पादनको बजार सुनिश्चित गर्न लागिपरेको छ।"

संस्थाले अहिले किसान सरोकारका दुईवटा कार्यक्रम सञ्चालनमा ल्याएको छ। दूध सङ्कलन र बेसारखेती प्रवर्द्धन । यी दुवै कार्यक्रममा बर्दिबास नगर कार्यपालिकाको कार्यालयको साथ पाइएको संस्थाका अध्यक्ष भानुभक्त पोखरेल बताउनुहुन्छ। दूध सङ्कलन बर्दिबास नगर क्षेत्रका १४ वटै वडाका घरघरबाट गरिने संस्थाले जनाएको छ।

"अहिले दूध सङ्कलन ३०० लिटरको नजिक छ, हामी यसलाई केही महिनाभित्रै ५०० लिटर नघाउने योजनामा छौँ", अध्यक्ष पोखरेल भन्नुहुन्छ, "हामीकहाँ (संस्थामा) दूध र दूधका परिकारको माग उच्च छ।" अहिले दूधका विभिन्न परिकार (पनिर, खुवा, दही, दूध, घिउ) बनाएर उपभोक्तालाई सुलभ मूल्यमा वितरण भइरहेको उहाँले बताउनुभयो।

यो व्यवस्थाले दूध उत्पादन प्रयोजनले पशुपालन गर्ने किसान उत्साहित भएका छन्। किसान अब दुधालु गाईभैंसी थप्ने योजनामा छन् । बर्दिबास जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको स्थानीय तह हो। यहाँ पोसिलो घाँस पाइने र चरन क्षेत्र पनि हुँदा वस्तुपालन सहज हुने बर्दिबास-१४ का रामकुमार अधिकारी बताउनुहुन्छ।

त्यसैगरी, संस्थाले बेसारखेतीको अवधारणा पनि बढाएको छ । प्राङ्गारिक विधिबाट बेसारखेती गरिन सहकारीमार्फत बीउ किन्न सहुलियत दिने र उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने जिम्मा नगर कार्यपालिका कार्यालयले लिएको सहकारीका अध्यक्ष पोखरेलले बताउनुभयो। दूध र बेसारखेतीको उत्पादनमा बिचौलियाको चलखेल नरहनेगरी सोझै किसानलाई लाभान्वित बनाउन यो कार्यक्रमले सघाउ पुर्याउने अपेक्षा गरिएको छ।

बेसारखेती गर्ने किसानलाई बीउ खरिदका लागि निर्ब्याजी ऋणको व्यवस्था गरिएको संस्थाले जनाएको छ। यसपालि ३० बिघा जति बेसारखेती गर्ने किसानले कबुलियत गरेका अध्यक्ष पोखरेलले जानकारी दिनुभयो।

संस्थाले थालेको दूध सङ्कलन र बेसारखेतीको कार्यक्रमले सामूहिक लगानी र सहकार्य बढाउनसँगै किसानको उत्पादनको बजार सुनिश्चित गरेको छ । बर्दिबास पशुपालन र बेसारखेती दुवैका लागि उर्वर थलो मानिन्छ। यो कार्यक्रममले अब आफ्नो उत्पादनको बजार र मूल्य सुनिश्चित गर्नसँगै समयमै उत्पादनको रकम पाउने विश्वास किसानले लिएका छन्। रासस

## हातहतियारसम्बन्धी मुद्दामा देशभरबाट ४० जना पक्राउ



काठमाण्डु। नेपाल प्रहरीले गत वैशाख महिनामा देशभरबाट हातहतियारसम्बन्धी मुद्दामा संलग्न ४० जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ।

पक्राउ परेकामध्ये काठमाण्डु उपत्यकाबाट तीन जना,
कोशी प्रदेशबाट एक जना,
मधेस प्रदेशबाट एक जना,
बागमती प्रदेशबाट एक जना,
गण्डकी प्रदेशबाट १४ जना,
लुम्बिनी प्रदेशबाट नौ जना,
कर्णाली प्रदेशबाट आठ जना र
सुदूरपश्चिम प्रदेशबाट तीन जना
पक्राउ परेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "पक्राउ परेकाबाट चाइनिज पेस्तोल एक थान, पेस्तोल एक थान, रिभल्वर एक थान, कटुवा पेस्तोल दुई थान, भरूवा बन्दुक २१ थान, बन्दुक एक थान र एयरगन दुई थान गरी जम्मा २९ थान हातहतियार बरामद भएको छ।"

यसैगरी पक्राउ परेकाबाट प्रहरीले चाइनिज पेस्तोलको गोली एक राउण्ड, एसएलआरको गोली २६३ राउण्ड, विभिन्न बन्दुकमा लाग्ने गोली ७० राउण्डसमेत बरामद भएको जनाएको छ।

अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरीले सदैव क्रियाशील रहेको प्रवक्ता काफ्लेले बताउनुभयो। अवैध हतियार कतै लुकाइ राखेको थाहा भएमा नेपाल प्रहरीलाई सूचना दिन र अवैध हतियार बुझाउन नेपाल प्रहरी सबैमा आग्रह गरेको छ। रासस

## कानुनविपरीत प्रयोग गरिएका 'डाक्टर' शब्द १५ दिनभित्र हटाउन निर्देशन

काठमाण्डु। नेपाल मेडिकल काउन्सिलले आफ्नो नामका अगाडि कानुनविपरीत रूपमा प्रयोग गरिएको 'डाक्टर'( डा) शब्द हटाउन निर्देशन दिएको छ। काउन्सिलका निमित्त रजिष्ट्रार डा. दीपेन्द्र पाण्डेले जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्ने गरेको पाइएकाले बताउँदै उक्त 'डाक्टर' शब्द १५ दिनभित्र हटाउन आग्रह गर्नुभयो।

काउन्सिलमा दर्ता भएका चिकित्सक तथा आफ्नो विधागत परिषद् ऐनद्वारा चिकित्सक उपाधि प्राप्त गरेकाबाहेक अन्य सम्बन्धित परिषद्मा दर्ता रहेका वा नरहेका जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि अवैध वा नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्न नपाइने उहाँले बताउनुभयो। रासस

# अदालतद्वारा सरसफाई अभियान




**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित उच्च अदालतको अगुवाईमा उच्च अदालत जाने मुख्य मार्ग तथा आसपासका सरकारी कार्यालय परिसरमा बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको छ।

'संयुक्त सरसफाई चलाऔं, स्वच्छ-सफा नमूना मार्ग बनाऔं' भन्ने नारासहित उच्च अदालत जनकपुरको अगुवाइमा अभियान सञ्चालन गरिएको जनाइएको छ।

सरसफाइ गरिएको क्षेत्रमा उच्च अदालतसँगै जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा नेपाल बार एसोसिएसनलगायतका महत्वपूर्ण सरकारी निकाय रहेका छन्। अभियानमा विभिन्न सरकारी कार्यालयका प्रमुख, कर्मचारी तथा स्थानीय जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो।

जनकपुरधाम उपमहानगरपालिका-४ का वडाध्यक्ष सुरेश झासहित स्थानीय सरोकारवालाहरू पनि अभियानमा सहभागी भएका थिए। उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले दैनिक हजारौं सेवाग्राही आउने-जाने मार्गलाई स्वच्छ र व्यवस्थित बनाउने उद्देश्यले सरसफाइ अभियान सञ्चालन गरिएको जानकारी दिए।

उनले कार्यालय परिसर मात्र नभई सेवाग्राहीले प्रयोग गर्ने सडक तथा वातावरण सफा राख्नु सबैको साझा दायित्व भएको बताए। मुख्य न्यायाधीश कुँवरले जनकपुरधाम धार्मिक तथा ऐतिहासिक नगरी भएकाले यहाँका अन्य वडाहरूले पनि यस्ता अभियानबाट प्रेरणा लिनुपर्ने उल्लेख गरे।

'स्वच्छ वातावरणले सेवाग्राहीलाई सहज अनुभूति दिलाउनुका साथै शहरको सकारात्मक सन्देश पनि प्रवाह गर्छ,' उनले भने । अभियान अन्तर्गत सडक किनारमा जम्मा भएको फोहोर संकलन गर्नुका साथै झारपात सफा गर्ने, नाला व्यवस्थापन तथा सार्वजनिक क्षेत्रको सरसफाइ गरिएको सहभागीहरूले बताएका छन्।

# अन्तर्राष्ट्रिय जैविक विविधता दिवस

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालसहित विश्वभर बिहीबार विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय जैविक विविधता दिवस मनाइएको छ।

संयुक्त राष्ट्र संघको आह्वानमा प्रत्येक वर्ष मे २२ मा मनाइने यस दिवसले जैविक विविधताको संरक्षण, वातावरणीय सन्तुलन कायम तथा दिगो विकासमा यसको भूमिकाबारे जनचेतना फैलाउने उद्देश्य राखेको छ।



दिवसको अवसरमा मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयले जनकपुरधामस्थित गोगल प्रसाद नमूना माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रममा जैविक विविधताको महत्व, नेपालको जैविक सम्पदा तथा यसको संरक्षणका उपायबारे जानकारी दिइएको थियो।

मन्त्रालयका निमित्त सचिव वेचन महतोले विद्यार्थीहरूलाई जैविक विविधता वनजंगलसँग मात्र सम्बन्धित विषय नभई मानव जीवन, कृषि, जलस्रोत तथा वातावरणीय सन्तुलनसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए। उनले यस्ता कार्यक्रममार्फत नयाँ पुस्तामा वातावरणसंरक्षणप्रति जिम्मेवारीबोध गराउने प्रयास गरिएको उल्लेख गरे।

विद्यालयका प्रधानाध्यापक महावीर दासले विद्यालयलाई ' ग्रीन विद्यालय' का रूपमा विकास गर्ने लक्ष्यसहित विभिन्न वातावरणमैत्री गतिविधि सञ्चालन भइरहेको जानकारी दिए । उनले विद्यालय परिसरमा हरियाली प्रवर्द्धन, सरसफाइ तथा वृक्षारोपणलाई प्राथमिकता दिइएको बताउँदै यस अभियानमा विद्यार्थीहरूको सक्रिय सहभागिता आवश्यक रहेको धारणा राखे।

दिवसको अवसरमा विद्यालय परिसरमा वृक्षारोपण कार्यक्रमसमेत गरिएको थियो। वातावरणीय प्रदूषण न्यूनीकरण तथा जैविक विविधताको संरक्षणका लागि वृक्षारोपण प्रभावकारी माध्यम भएकाले कार्यक्रम आयोजना गरिएको मन्त्रालयले जनाएको छ।

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा हंसपुर न.पा. वडा नं. ७, नौवाखोर स्थित आफ्नै घरको प्राङ्गनमा Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०२/०७ गते करिब राति १२:०० बजे म.प्र. ०२-०९ प ३०१० नम्बरको कालो स्पार्क मेट कालो ब्लु रंगको ईन्जिन नं. DKXCSB24215 चेचिस नम्बर MD2ABEX5SCC83664 को बजाज कम्पनीको Pulser 220 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः गोविन्द कुमार मण्डल**
**ठेगानाः हंसपुर न.पा.७, नौवाखोर, धनुषा**
**मो. नं. ९८१९८१७००६**

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आजको दिन रचनात्मक कार्यमा बित्नेछ।
वृष : आर्थिक दृष्टिकोणले आज खर्चिलो दिन रहन सक्छ।
मिथुन : दिन निकै उत्साहजनक रहनेछ।
कर्कट : कार्यक्षेत्रमा तपाईको कामको प्रशंसा हुनेछ।
सिंह : भाग्यले साथ दिने समय छ। धार्मिक र परोपकारी कार्यमा मन जानेछ।
कन्या : आज स्वास्थ्य र सुरक्षामा विशेष ध्यान दिनुहोला।
तुला : दाम्पत्य जीवनमा मधुरता आउनेछ।
वृश्चिक : तपाईको साहस र पराक्रमले काममा सफलता दिलाउनेछ।
धनु : बौद्धिक र शैक्षिक क्षेत्रमा राम्रो प्रगति हुनेछ।
मकर : आमा वा परिवारको स्वास्थ्यमा विशेष ख्याल राख्नुहोला।
कुम्भः नयाँ कामको थालनी गर्नका लागि आजको दिन शुभ छ।
मीनः बोलीको प्रभावले मानिसहरुलाई आकर्षित गर्न सकिनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




सिरहा जिल्ला अदालत अनुगमनमा उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश, जिल्ला अदालतका मुख्य न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, सुरक्षा अधिकारी लगायतको दृश्य। *फोटो : टुडे*

# रवि लामिछानेको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता




गण्डकी । कास्की जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित गीतेन्द्रबाबु राई (जिवी) र छविलाल जोशीको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिने आदेश गरेको छ।

जिल्ला न्यायाधीश हिमलाल बेल्बासेको इजलासले सहकारी ठगीतर्फको अभियोग दाबी कायम रहने तर अन्य मुद्दा अभियोग दाबी कायम नरहने गरी संशोधन गरिएको कास्की जिल्ला अदालतका स्रेस्तेदार राजन खनालले जानकारी दिनुभयो।

उहाँका अनुसार जिल्ला सरकारी वकिल कार्यालय कास्कीले दिएको निवेदनमा लामिछानेसहित अन्य प्रतिवादीमाथि लगाइएको सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर तथा राष्ट्र बैंकसम्बन्धी कसुरअन्तर्गत अभियोग अब नलाग्ने गरी संशोधन हुने अदालतको आदेश छ। रासस

# ऊर्जा मन्त्रालयमा गुनासो सुनुवाइलाई प्रमुख प्राथमिकता




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जनगुनासोको तत्काल सुनुवाइ र समाधानलाई मन्त्रालयको प्राथमिक कार्यसूचीमा राख्नुभएको छ। उहाँको निर्देशनपछि मातहतका निकायलाई सेवा प्रवाहमा थप जिम्मेवार बनाउँदै गुनासो व्यवस्थापन प्रणालीलाई तीव्र, प्रभावकारी र परिणाममुखी बनाइएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले विद्युत् सेवासम्बन्धी हटलाइन नम्बर ११५१ लाई २४सै घण्टा सञ्चालनमा राख्दै सेवाग्राहीका समस्या तत्काल सम्बोधन गर्ने संयन्त्र सुदृढ गरिएको छ । मन्त्रालयका अनुसार जेठ महिनाको पहिलो सातामात्र उक्त हटलाइनमार्फत प्राप्त एक हजार एक ८३ वटा गुनासोको शतप्रतिशत फछ्र्योट गरिएको छ । प्राप्त गुनासामध्ये भूमिगत केबलसम्बन्धी ७५, नो लाइटका ११६, खम्बा नपाएको १९, ट्रान्सफर्मरसम्बन्धी ६, मिटर नपाएको पाँच तथा इभी चार्जिङसम्बन्धी तीन वटा समस्या प्रमुख रहेका छन् ।

मन्त्रालयले संसद्को शून्य समयमा उठाइने प्रश्न, संसद्मा ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रसँग सम्बन्धित माग, प्रश्न र गुनासोलाई तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाएको जनाएको छ । मन्त्रालयका अनुसार चैत १५ देखि ३० गतेसम्म फोनमार्फत चार हजार २४८, ह्वाट्स एपमार्फत १४, इमेलमार्फत दुई र हेलो सरकारमार्फत पाँच गरी कुल चार हजार २६९ गुनासा प्राप्त भएका थिए।

त्यस्तै, वैशाख महिनाभर फोनमार्फत ६ हजार २६, ह्वाट्सएपबाट ९२ र इमेलमार्फत १० वटा गुनासो दर्ता भएका थिए । मन्त्री श्रेष्ठले कार्यभार सम्हालेयता कुल ११ हजार ५७५ गुनासा प्राप्त भएको मन्त्रालयले जनाएको छ । लिखित निवेदन तथा सार्वजनिक सञ्चारमाध्यममा आएका विषयलाई सचिवालयले निगरानीमा राख्दै समाधान प्रक्रिया अघि बढाइएको छ। रासस

# सुनसरीमा नेपाली सेनाको एकीकृत विपद् प्रतिकार्य

धरान । सुनसरीको रामधुनी नगरपालिका-७ स्थित चौसठ्ठीबिघा (रास ताल)मा एकीकृत जिल्ला विपद् प्रतिकार्य ' अभ्यास मनसुन-६' सम्पन्न गरेको छ।

मनसुनको समयमा कोशी प्रदेशमा हुनसक्ने सम्भावित प्राकृतिक विपद्लाई मध्यनजर गर्दै श्री नं २ बाहिनी अड्डाको आयोजनामा सम्पन्न अभ्यासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विभिन्न सरकारी र सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो।

पूर्वी पृतना हेडक्वार्टर इटहरीका पृतनापति गौरवकुमार केसीले गत वर्ष कोशी प्रदेशका इलाम र झापामा आएको ठूलो बाढीपहिरो तथा कोशी क्षेत्रमा देखिएको जटिल बाढीजन्य अवस्थालाई मध्यनजर गर्दै यस्ता अभ्यास समय समयमा सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले यस्ता अभ्यासले खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

हालको मनसुनलाई लक्षित गर्दै पूर्वी पृतना हेडक्वार्टर इटहरीमा एउटा हेलिकप्टरसमेत तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो । उहाँले बाढीपहिरोजस्ता विपद्का समयमा



त्यसलाई तत्काल परिचालन गर्न सकिने बताउनुभयो।

पृतनापति केसीले विपद् व्यवस्थापनमा स्थानीय समुदायको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै स्थानीयवासीको सक्रिय सहभागिता, क्षमता विकास तथा पूर्वाधार निर्माणमा जोड दिनुभयो। स्थानीय तह र समुदाय सक्षम भएमा विपद्का घटनामा तत्काल उद्धार तथा राहत कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने उहाँको भनाइ थियो।

विपद्को उच्च जोखिममा रहेको कोशी प्रदेशमा बर्सेनि विभिन्न प्रकारका विपद्का घटना हुने गरेकाले यस्ता अभ्यास अत्यन्त आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो। स्थानीय समुदायको सहकार्य तथा सुरक्षा निकायहरूको एकीकृत प्रयासमा सञ्चालन गरिने यस्ता अभ्यासले भविष्यमा आउने बाढीजन्य विपद्मा प्रभावकारी प्रतिकार्य गर्न महत्त्वपूर्ण सहयोग पुग्ने उहाँको भनाइ थियो।

अभ्यासका क्रममा विपद् उद्धार तथा व्यवस्थापनसम्बन्धी विभिन्न सामग्री प्रदर्शन गरिएको थियो । मनसुनका बेला बाढी, डुबान, कटान तथा अन्य प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमलाई समयमै व्यवस्थापन गर्न र उद्धार संयन्त्रलाई थप प्रभावकारी बनाउन अभ्यास सञ्चालन गरिएको सेनाले जनाएको छ।

अभ्यासका क्रममा सम्भावित विपद्का घटनाको कृत्रिम अवस्था सृजना गरी उद्धार, राहत व्यवस्थापन, घाइतेको उद्धार तथा समन्वयका विभिन्न पक्षको प्रदर्शन गरिएको थियो।

कार्यक्रममा श्री भगवती गण, श्री शिवदल गण, श्री कालीशक्ति गण, श्री सर्वभाग्य दल गण, अमरदल गण, भीमकाली गुल्म तथा नं १ विपद् व्यवस्थापन गणलगायतका विभिन्न गण तथा गुल्मका नेपाली सेनाका विपद् उद्धार टोलीको सहभागिता रहेको थियो।

सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायब महानिरीक्षक विनोद घिमिरे, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक केशवकुमार थेबेलगायत सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको उपस्थिति थियो। रासस

# तीनदिने 'हस्तकला मेला तथा सांस्कृतिक प्रदर्शनी' सुरु

काठमाण्डु। नेपाल हस्तकला महासङ्घ, जिल्ला तथा प्रदेश परिषद्को आयोजनामा तीनदिने 'हस्तकला मेला तथा सांस्कृतिक प्रदर्शनी' शुरु भएको छ।

महासङ्घले शुक्रबार



बालुवाटारमा आयोजना गरेको उक्त कार्यक्रमको बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री विन्दु श्रेष्ठले शुभारम्भ गर्नुभयो। उहाँले हस्तकला क्षेत्रको विकासलाई बागमती प्रदेश सरकारले उच्च प्राथमिकता दिएको बताउनुभयो।

"नेपालको अर्थतन्त्रको विकासमा हस्तकला क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ, हस्तकलामैत्री नीति र बजेट बनाउन प्रदेश सरकार लाग्नेछ", मन्त्री श्रेष्ठले भन्नुभयो। बागमती प्रदेशभित्र उत्पादित हस्तकलाका सामानलाई बजारीकरण गर्न प्रदेश सरकारले सहयोग गर्ने उहाँको भनाइ थियो।

नेपाल हस्तकला महासङ्घका अध्यक्ष रवीन्द्र शाक्यले देशभर छरिएर रहेका जिल्ला सङ्घलाई एकीकृत गर्दै त्यहाँ उत्पादित सामग्रीलाई प्रदर्शनी गर्नका लागि मेला आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले नेपालमा उत्पादित हस्तकला सामग्रीलाई स्वदेशमै प्रयोग गर्ने वातावरण निर्माण गर्नुपर्ने बताउनुभयो । अध्यक्ष शाक्यले बागमती प्रदेशले मङ्सिर २८ गतेलाई हस्तकला दिवस मनाउनका लागि बागमती प्रदेशले घोषणा गरेकोमा स्वागत व्यक्त गर्नुभयो।

महासङ्घकी उपाध्यक्ष एवं मेलाकी संयोजक मलिका श्रेष्ठले कला र संस्कृतिको धनी नेपालमा उत्पादित हस्तकला सामग्रीको प्रवर्द्धन गर्नका लागि मेला आयोजना गरिएको जानकारी दिनुभयो । तीन दिनसम्म चल्ने मेलामा काठमाडौँ उपत्यकाका तीनै जिल्लाका साथै संखुवासभा, मकवानपुर, दाङ, बाजुरा, ताप्लेजुङ, चितवन, बर्दिया, काभ्रेपलाञ्चोक, कास्की, झापा, धनुषा, सुनसरी, धादिङ, तनहुँ, पाल्पा र बागलुङलगायतका जिल्लामा उत्पादित हस्तकलाका ७० स्टल राखिएको छ।

मेला बिहान १० बजेदेखि साँझ ७ बजेसम्म सञ्चालन हुनेछ। मेला अवलोकनका लागि सर्वसाधारणलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ। कार्यक्रममा मेलामा सहभागी सङ्घ संस्थालाई सम्मान गरिएको थियो। रासस

# महासंघको वरिष्ठ उपाध्यक्षमा वैद्य र कोषाध्यक्षमा प्रधान



काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घको वरिष्ठ उपाध्यक्षमा सुरकृष्ण वैद्य र कोषाध्यक्षमा मनिषलाल प्रधान निर्वाचित हुनुभएको छ।

शुक्रबार यहाँ सम्पन्न निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा वैद्यले ५६ मत प्राप्त गरी विजयी हुनुभयो भने रामचन्द्र सङ्घाईले ३० मत प्राप्त गर्नुभयो । वरिष्ठ उपाध्यक्ष पदका लागि सुरकृष्ण वैद्य, रामचन्द्र सङ्घाई र हेमराज ढकालले मनोनयन गर्दा गर्नुभएको थियो । तर ढकालले पछि उम्मेवारी फिर्ता लिनुभएको थियो।

कोषाध्यक्ष पदमा विजयी मनिषलाल प्रधानले ६१ मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी अम्बिकाप्रसाद पौडेलले २५ मत प्राप्त गर्नुभयो।

**छ जना केन्द्रीय सदस्य मनोनित**

महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले आजै दुई जना महिलासहित छ जनालाई केन्द्रीय सदस्यमा मनोनित गर्नुभएको छ । मनोनित हुनेहरूमा शिवप्रसाद घिमिरे, मनिषलाल प्रधान, नवीन रिजाल, गोकर्ण कार्की, दर्शना श्रेष्ठ र सहारा जोशी रहनुभएको छ।

महासङ्घको विधान धारा २९ को (च) १० को व्यवस्थाअनुसार सबै सदस्य समूहको प्रतिनिधित्व हुनेगरी कम्तीमा दुई जना महिलासहित सात जना सदस्य मनोनित गर्न पाउने प्रावधान छ। विधानतः बाँकी रहेको एक सदस्य पदमा भने मनोनय गर्न बाँकी छ। रासस

# शिक्षामन्त्री पोखरेल र बेलायतीमन्त्री मल्होत्राबीच भेटवार्ता

काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र नेपाल भ्रमणमा रहनुभएकी बेलायतीमन्त्री सीमा मल्होत्राबीच भेटवार्ता भएको छ।

सिंहदरबारस्थित शिक्षा मन्त्रालयमा भएको भेटमा नेपाल र बेलायतबीचको लामो समयदेखिको कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउँदै शिक्षा तथा खेलकुद क्षेत्रमा रणनीतिक सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। समानता एवं इण्डो-प्यासिफिक हेर्ने बेलायतीमन्त्री मल्होत्रा तीनदिने भ्रमणका लागि आज बिहान नेपाल आउनुभएको हो।

भेटका क्रममा दुई देशबीच शिक्षा क्षेत्रको विकासका लागि भइरहेका साझेदारी कार्यक्रम तथा आगामी दिनमा गर्न सकिने सहकार्यका विषयमा विचार आदानप्रदान भएको थियो। साथै नेपाल सरकारले सातै प्रदेशमा सञ्चालन गर्ने लक्ष्य राखेको ' अटिजम स्कुल' को अवधारणा र कार्यान्वयनबारे महत्त्वपूर्ण परामर्श भएको बताइएको छ।



सरकारका प्रवक्तासमेत रहेका मन्त्री पोखरेलले शिक्षा क्षेत्र सुधारका लागि मन्त्रालयले अघि सारेका प्राथमिकता र कार्ययोजनाबारे जानकारी गराउँदै अटिजम भएका बालबालिकाका लागि गुणस्तरीय शिक्षा तथा उपयुक्त वातावरण निर्माण गर्न बेलायत सरकारसँग प्राविधिक सहयोग, स्रोत व्यवस्थापन र दक्ष जनशक्ति विकासमा सहकार्यको आग्रह गर्नुभयो।

उहाँले शिक्षाको पुनःसंरचनामा 'प्याराडाइम सिफ्ट' आवश्यक रहेको उल्लेख गर्दै अपाङ्गता भएका तथा विशेष गरी अटिजम भएका बालबालिकाका लागि विशिष्ट शिक्षण प्रणाली र सहयोग व्यवस्था विस्तार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

मन्त्री पोखरेलले बेलायत सरकारबाट बजेटरी सपोर्ट र मौद्रिक सहायतासँगै विज्ञता तथा ज्ञान हस्तान्तरणमार्फत क्षमता विकासमा थप सहयोगको अपेक्षा व्यक्त गर्नुभयो।

भेटमा बेलायतीमन्त्री मल्होत्राले नेपाल-बेलायतबीचको ऐतिहासिक सम्बन्ध, विकास साझेदारी तथा पारस्परिक हितका विषयमा चर्चा गर्दै आगामी दिनमा सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले बेलायतको नयाँ सरकारले शिक्षा क्षेत्रमा आधुनिक सुधारका कार्यक्रम अघि बढाइरहेको जानकारी दिँदै नेपाल जस्ता मुलुकमा शिक्षामा थप लगानी र साझेदारी विस्तार गर्ने योजना रहेको बताउनुभयो।रासस

# हिमाल आरोही शेर्पा र कार्कीलाई सम्मान

काठमाण्डु । विश्वको सर्वोच्च शिखर सगरमाथा तथा लोत्से हिमाल आरोही सशस्त्र प्रहरी सहायक निरीक्षक निम दिकी शेर्पा र सगरमाथा आरोही सशस्त्र प्रहरी सहायक हवल्दार अनिता कार्कीलाई सम्मान गरिएको छ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक स्वयम्भूमा शुक्रबार एक कार्यक्रमका बीच सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले उहाँहरूलाई सम्मान गर्नुभएको हो।

सोही अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सगरमाथा तथा लोत्से हिमालको सफलतापूर्वक आरोहण गरेका सशस्त्र प्रहरी सहायक निरीक्षक शेर्पा र सशस्त्र प्रहरी सहायक हवल्दार कार्कीलाई हार्दिक बधाई दिनुहुँदै हिमालको चुचुरोमा राष्ट्र तथा सङ्गठनको झण्डा फहराउनु गौरवको विषय भएको बताउनुभयो।

उहाँले उच्च मनोवल तथा आँट र साहस लिइ विश्वको सर्वोच्च शिखर सगरमाथामा राष्ट्र तथा सङ्गठनको झण्डा फहराउँदा सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूको मनोवलमा हौसला, प्रेरणा र उत्साह मिलेको चर्चा गर्नुहुँदै यस्ता प्रकृतिका कार्यहरूलाई सङ्गठनले अझै उच्च प्राथमिकता साथ अगाडि बढाउने बताउनुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सशस्त्र



प्रहरी कर्मचारीहरूले विश्वको सर्वोच्च शिखरको सफल आरोहणका साथै हिमाली तथा उच्च पहाडी सीमावर्ती क्षेत्रमा सुरक्षा र आपतकालीन उद्धार क्षमतालाई सुदृढ बनाउन मनाङस्थित पर्वतीय उद्धार तालिम शिक्षालयमा उच्च भू-भाग खोज तथा उद्धारलगायत तालिमहरूको सञ्चालनले हिमाली तथा उच्च पहाडी भू-भागहरूमा उद्धार तथा सीमा सुरक्षा कार्यमा सशस्त्र प्रहरी बल नेपाल थप सक्षम हुँदै गएको बताउनुभयो।

सो कार्यक्रममा शेर्पा र कार्कीले राष्ट्र र सङ्गठनको झण्डा सर्वोच्च शिखर सगरमाथामा फहराउन पाउनु गर्वको विषय भएको र सफल आरोहणका लागि सहयोग, समन्वय तथा साथ दिनुहुने सशस्त्र प्रहरी बल नेपाललगायत सम्पूर्णमा हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभएको थियो।

सशस्त्र प्रहरी सहायक हवल्दार अनिता कार्कीले जेठ ३ गते बिहान १० बजेर २० मिनेटमा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको थियो भने सशस्त्र प्रहरी सहायक निरीक्षक निम डिक्की शेर्पाले सोही दिन बिहान ११ बजेर ५५ मिनेटमा सगरमाथा र जेठ ४ गते दिउँसो ३ बजेर २५ मिनेटमा लोत्से हिमालको सफल आरोहण गर्नुभएको थियो।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## ।। भूख के दवाई ।।

काम कइला से मिटै हई भूख,
भूख के दबाई है किसानी के खुदाई
किसानी कइला से खेत में फरै हई अनाज।
भूख मिटै हई अन् से,
रौद-बरखा में काम कइला के बाद।
पढ़ी-लिख के साँचे मे बनई हइ मनुष
तखने बनब माटी प काबिले तारीफ।
अने अन्नद होइन हइ,
शिक्षा बनावै हे मनुष के होशियार आ नमकहलाल।
संस्कार देखाव, एक दोसरके सहयोग कर तब सच्चा आदमी कहाव,
केहू हे प्रेम के भूखा, त केहू हे भाव के।
केहू धन के भूखा, त केहू यश दश के भुखा
मेहनत से मिलै हे बहुत कुछ, ई बात जाइनलु।
केहू ना हे पूर्ण ई माटी पर,
ईश्वर, अल्लाह, खुदा,आमेन सब हइ चेतन मन के ।
लाख करु चतुराई, करम के लिखल मेटल नजाइ ,
भूख लागला पर रूखरो भोजन लागै हे मीठ,
जे मिल जाय, उहे अमिट होव हे पीठ।
नींद ना मानै टूटल खाट, प्रेम ना जानै जात-पात आ धोवी घाट,
हम-अहाँ छी किरायेदार आ किरदार ई माया नगरी के।
गुंडागर्दी से ना चमकै हे हीरोगिरी परिश्रम आ मोहब्बत बँटला से महकै हे जिनगी।
बाँट के खइला से बढ़ै हे सबाद,
सबके भलाई में छिपल हे ईस्वर के याद।
जिंदगी के ईहे हे असली मिठास।
मेहनत करैत जा, फल मिलत जाई,
अनाज आ ढौवा दूनू सुख-दुख के संगम हे भाई।
इहे प्रीत हे, इहे धरती के रीत हे!



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। आयो मन्त्री... गयो मन्त्री... ।।

न तिनको कुनै चिनजान छ, न तिनको कुनै नाम छ,
मधेसको कुर्सीमा बस्नु नै तिनको ठूलो काम छ।
हिजो अर्कै कुर्सीमा थियो, आज अर्कै आइपुग्यो,
जनताको समस्या भने जहाँको त्यहीँ आइपुग्यो।
कसले चिन्ने, कसले जान्ने, आएका छन् हुलका हुल,
विकासको नाममा यहाँ सधैँ हुन्छ ठूलो भुल।
सपथ खान्छन्, माला लगाउँछन्, झण्डा हल्लाउँदै हिँड्छन्,
काम केही गर्दैनन्, तर बजेट बाँड्न सधैँ भिड्छन्।
मधेसको माटो रुन्छ, किसान रुन्छन् खेतमा,
मन्त्रीज्यू हराउँछन् फेरि कुर्सीकै त्यो रेसमा।
चिनिँदैन को आयो, जानिँदैन को गयो,
मधेस प्रदेश त अचेल, मन्त्री फेर्ने अखडा भयो!



**नाम:-दिपेन्द्र कुमार साह (सन्नी साह)**
**ठेगाना:- जनकपुर देवी चोक-१० पेशा:सिभिल**

## ।। आमा ।।

आमा त जूनझैँ उज्यालो
दुःखमा पनि साथ नछोड्ने।
आँसु झर्दा मुस्कान दिने
टुटेको मन फेरि जोड्ने।
आमा त बिहानको घाम
जीवनभर न्यानो दिने।
आफ्नो सपना त्याग गरेर
सन्तानलाई अगाडि लाने।
भोकै बसेर खाना दिने
थाके पनि माया छर्ने।
आफ्नो पीडा लुकाएर
हाम्रो खुशीमा रमाउने।
यो संसार ठूलो होला
तर आमाजस्तो कोही छैन।
भगवान देखिनन् भने पनि
आमाभित्र नै स्वर्ग छ हैन।



**नाम:- मोहम्मद अदिल**
**ठेगाना:- जरहीया-४, सबैला**

## ।। समय ।।

दुःख पर्दा न भाइ भेटियो न दाइ भेटियो
खोज्दै जाँदा यहा आफ्नाहरू नै पराइ भेटियो ।
यो भन्दा नमिठो अब के होला र दुनियाँमा
लुटिएको नानीको मुखमा मिठाई भेटियो ।
धेरै खोजियो यहाँ कुनै सपना भेटिएनन
बजारमा केवल घिन्न लाग्ने दबाइ भेटियो ।
बढो मुस्किलले निस्किएको थिए नदि बाट
बल्ल जिन्दगीको असल गहिराइ भेटियो ।
खुशी हुन त आफैलाई भेट्नु पर्ने रहेछ
दुःखि हुनु रहेछ र पो तिमिलाई भेटियो ।
कस्ता कस्ता पार गर्नु छ, सफर जिन्दगीमा
मुस्कुराउँदै पिउनु छ कयौं जहर जिन्दगीमा
काडौँ लिएर आउ बरु बिश्वास गर्न सकिन्छ
फूल लिएर आउनेको बिश्वास लाग्दैन्न जीन्दगीमा
आकाशमा उडिरहेछ मान्छे भुइँलाइ बिर्सिएर
किन बुझ्दैनन् , उडने को सहारा भुईनै हुन्छ।
भएर सरल "म" हरकोहिँले दुखाएर जान्छन्



**लेखक बिरेन्द्र चौधरी**

## ।। गजल ।।

हार जीत अपना ठाउमे होइ छै
सुन्दर वातावरण गाउँमे होइ छै
कौरी के भाउमे बिकारहल किसान
मेहनत मजदूरी किसानके दाउमे छै
लोक भैंसी बेचक बकरी किनै छथि
कनियाँ के हाथक मेहदी पाउमे छै
कतबो कमैला सँ घर परिवार नै खुश
गायो माल पालला सँ बजार भाउनै छै
धनेश्वर के जिन्दगी विदेश मे बितलै
एकौगो जगा जमिन अपना नाउमे नै छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

# बहिष्कारलाई चिर्दै 'लालीबजार'ले पार गऱ्यो ५ करोडको आँकडा

काठमाण्डु । 'जात्रा' समूहको नयाँ फिल्म 'लालीबजार'ले प्रदर्शनपूर्व ठूलो उतारचढाव भोग्यो । कहिले अदालतमा मुद्धा पर्दा रिलिज नै रोकियो त कहिले 'खरानी ग्याङ'को फिल्म भन्दै सामाजिक सञ्जालमा बहिष्कारको अभियान समेत चल्यो । यसले फिल्मको व्यापारमा ठूलो असर गर्न सक्ने धेरैको आँकलन थियो । तर, फिल्मको व्यापारिक नतिजा अनुमान विपरित आएको छ ।

दर्शकीय प्रतिक्रिया उत्कृष्ट प्राप्त हुँदा फिल्मले प्रदर्शनको दोस्रो दिन (शनिबार) बाट व्यापारिक गति बढाएको थियो । दोस्रो सातासम्म बक्स अफिसमा आफ्नो पकड कायम राखेको यो फिल्मले १४ दिनमा ५ करोडको आँकडा पार गरेको छ । फिल्मले जेठ ७ गते साँझ ११:५९ बजेसम्म ५ करोड २५ लाख रुपैयाँ ग्रस कमाएको निर्माण कम्पनी षट्कोण आर्ट्सले जनाएको छ ।

षट्कोण आर्ट्सका सीइओ म्याक्स दीपेश खत्रीले फिल्मले दर्शकलाई सन्तुष्ट बनाएकोमा खुसी व्यक्त गरे । उनले भने, 'फिल्मले आमा र छोरीको कथामार्फत शिक्षाको महत्त्वलाई दर्शाएका कारण आम दर्शकले त्यसमा 'रिलेट' गर्नुभएको छ । हामीलाई विश्वास गरेर आउनुभएका दर्शक सन्तुष्ट भएर फर्किनुभएको छ, त्यो हाम्रो ठूलो सफलता हो ।'


यो फिल्मको व्यापारले सबैभन्दा ठूलो राहत अभिनेत्री स्वस्तिमा खड्कालाई दिएको छ । उनका पछिल्ला तीन फिल्म 'बेहुली फ्रम मेघौली, 'वसन्त' र 'हरिबहादुरको जुत्ता'ले व्यावसायिक सफलता हासिल गर्न सकेका थिएनन् । 'लालीबजार' भने यस वर्षको पहिलो हिट बन्ने निश्चित प्रायः देखिन्छ । यो फिल्मलेस्वस्तिमाको स्टारडम समेत प्रमाणित गरेकोविश्लेषण भइरहेको छ।

यम थापाको निर्देशनमा बनेको यस फिल्ममा स्वस्तिमासहित रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, विशाल देवकोटा, प्रशंसा सुवेदी, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, रमेश बादी, तारा शर्मा लगायतको अभिनय रहेको छ । फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् भने म्याक्स दीपेश खत्री र रवीन्द्रसिंह बानियाँ निर्मातामा छन् । फिल्मीखबर



# 'रोल नं १'को स्किमः स्कुले कहानीमा भिडियो बनाए ३० हजार पुरस्कार

काठमाण्डु । गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'रोल नं १'ले आफ्नो लक्षित दर्शकलाई आकर्षित गर्न भिडियो प्रतियोगिताको घोषणा गरेको छ। निर्माताले 'लौ सुन म भन्छु मेरो स्कुले कहानी' शीर्षकमा भिडियो प्रतियोगिता आयोजना गर्दै आफ्नो स्कुले जीवनबारे उत्कृष्ट भिडियो बनाउनेलाई नगद पुरस्कार प्रदान गर्ने घोषणा गरेका हुन् ।




यो प्रतियोगितामा सहभागी हुन इच्छुकले फिल्मसँग जोडिएर स्कुले जीवनका अविस्मरणीय कथा भिडियोमार्फत सुनाउनुपर्नेछ । भिडियोमा आफ्नो परिचयदिँदैविद्यालयकोनामरठेगाना पनि उल्लेख गर्नुपर्नेछ । शिक्षकको प्रेरणा, साथीभाइको साथ, पढाइको महत्त्व, गरिबी वा चुनौती, स्कुलको रमाइलो सम्झनालगायतका विषय भिडियोमा समेट्नुपर्ने जनाइएको छ । प्रतियोगिताका सहभागीले भिडियो तयार भएपछि आफ्नो सामाजिक सञ्जालमा अपलोड गर्नुपर्ने निर्माण पक्षले जनाएको छ । प्रतियोगितामा प्रथम हुनेले ३० हजार रुपैयाँ, द्वितीय हुनेले १५ हजार रुपैयाँ र तृतीय हुनेले १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । साथै, २० जनाले सान्त्वना पुरस्कारस्वरुप फिल्मको एक-एकवटा टिकट पाउनेछ। विजेता घोषणा जेठ २५ गते गरिनेछ ।

कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को निर्माता विनोद पौडेलले निर्माण गरेको यस फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्मलाई जोन योञ्जनले निर्देशन गरेका हुन् । उनले यसअघि 'आँखा' निर्देशन गरेका थिए। फिल्मीखबर

# कान्सको रेड कार्पेटमा चम्किइन् अदिती



काठमाण्डु। यतिबेला फ्रान्समा विश्व प्रसिद्ध कान्स फिल्म फेस्टिभल भइरहेको छ । यस वर्षको उक्त फेस्टिभलमा थुप्रै नेपाली फिल्मकर्मीहरूले उपस्थिति जनाएका छन् । यही बिहीबार कान्समा वर्ल्ड प्रिमियर हुन लागेको नेपाली फिल्म 'एलिफेन्ट्स इन द फग'का निर्देशक अविनाश विक्रम शाह सोमबार फेस्टिभलको रेड कार्पेटमा सहभागी भएका थिए ।

काठमाडौं महानगरपालिकाको कार्यवाहक प्रमुख सुनिता डंगोल, अभिनेता प्रदीप खड्का, निर्देशक तथा वितरक प्रचण्डमान श्रेष्ठ, 'एक्लो' फिल्मका निर्देशक प्रदीप शाही, निर्माता अनुप पौडेलगायतले पनि फेस्टिभलमा सहभागिता जनाएका छन् । त्यहाँ चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डको सहकार्यमा नेपाली फिल्मको प्रवर्द्धन गर्न 'स्टल' समेत राखिएको छ ।

२४ मेसम्म आयोजना हुने कान्स फिल्म फेस्टिभलमा नेपाली अभिनेत्री अदिती बुढाथोकी पनि सहभागी भएकी छन् । उनले सोमबार फेस्टिभलको रेड कार्पेटमा हिँडेका तस्वीरहरू इन्स्टाग्राममा सेअर गरेकी छन् । शिवांगी प्रधानले तयार पारेको गाउनमा सजिएर उनी रेड कार्पेटमा प्रस्तुत भएकी थिइन् । उनी बीएमडब्लु गाडीको भारतीय प्रतिनिधिको रुपमा फेस्टिभलमा सहभागी भएकी हुन् ।

कान्सको रेड कार्पेटमा हिँडेका आकर्षक तस्वीरहरू सेअर गर्दै उनले लेखेकी छन्, 'पहिलो पटक कान्सको रेड कार्पेटमा हिँड्नु मेरा लागि अविश्वसनीय अनुभूति रह्यो । सुन्दर अनुभवको लागि बीएमडब्लु इन्डियालाई धन्यवाद ।' फेस्टिभलमा सहभागी हुन बीएमडब्लु गाडी चढेर पुगेकी उनी यो ब्रान्डसँग 'मार्केटिङ इन्फ्लुएन्सर'को रुपमा जोडिएकी छन् ।

कामको कुरा गर्दा अदिती पछिल्लो पटक २०७९ सालमा प्रदर्शन भएको फिल्म 'बाबरी'मा देखिएकी थिइन् । त्यसयता उनी नयाँ फिल्ममा आबद्ध भएकी छैनन् । २०७४ सालमा फिल्म 'कृ'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी उनले भारतमा थुप्रै म्यूजिक भिडियो तथा विज्ञापनमा काम गरिसकेकी छन् । उनलाई सामाजिक सञ्जालमा लाखौंले पछ्याउने गरेका छन् ।फिल्मीखबर

# जुनियर एनटीआरको 'ड्रागन' को पहिलो झलक सार्वजनिक

एजेन्सी । जुनियर एनटीआर अभिनीत बहुप्रतीक्षित फिल्म 'ड्र्यागन' को पहिलो झलक सार्वजनिक भएको छ।

निर्माण टिमले मंगलबार राति फिल्मको आधिकारिक शीर्षकसँगै पहिलो झलक रिलिज गरेको हो।

सार्वजनिक भिडिओ झलकमा एनटीआर शक्तिशाली एक्सन अवतारमा देखिएका छन्। उक्त भिडिओले दर्शकलाई निर्देशक प्रशान्त नीलका अघिल्ला ब्लकबस्टर फिल्म 'केजीएफ' र 'सलार'को सम्झना दिलाउँछ।


'ड्र्यागन'को झलक मुख्यतया फिल्मका पात्रहरूको परिचयात्मक भिडिओ हो, जुन अनिल कपूरको प्रहरी भूमिकाको पावर-प्याक प्रस्तुतीकरणको साथ समाप्त हुन्छ। ४ मिनेट २८ सेकेन्ड लामो झलकमा भारतको इतिहास, स्वतन्त्रता अघिको र पछिको अफिम व्यापारको पृष्ठभूमिबाट कथा सुरू हुन्छ।

जुनियर एनटीआरले फिल्ममा निर्दयी हत्याराको भूमिका निर्वाह गरेका छन्, जो अफिम व्यापार नियन्त्रण गर्न खोज्ने अपराधीहरूको संसारमा देखिन्छन्।

एक दृश्यमा उनी शवहरूको थुप्रोमाथि उभिएको देखिन्छन् भने अर्को दृश्यमा उनी एक्लै दर्जनौं शत्रुसँग भिडिरहेका छन्। फिल्मको लोकेसन, कलर प्यालेट र एक्सन प्रस्तुति 'सलार'का कोइला खानी र 'केजीएफ'का सुन खानी सेटअपसँग मिल्दोजुल्दो देखिएको भन्दै दर्शकहरूले तुलना गरेका छन्।

झलकमा जुनियर एनटीआरसँगै अनिल कपूरको प्रहरी भूमिकालाई पनि शक्तिशाली रूपमा प्रस्तुत गरिएको छ। साथै, बिजु मेनन, रूक्मिणी वसन्त, खुश्बु सुन्दर, गुरू सोमासुन्दरम, राजीव कनकला, आशुतोष राणा, अंशुमान पुष्कर, सिद्धान्त गुप्ता, प्रभास श्रीनु, शत्रु, शिवा र भीमल जीत ओबरोयलगायत कलाकारहरूको पहिलो झलक पनि सार्वजनिक गरिएको छ।

'ड्रागन' को प्रदर्शन मिति सन् २०२७ जुन ११ लाई तय गरिएको छ ।



फिल्मलाई मिथ्री मुभी मेकर्स र एनटीआर आर्ट्सको ब्यानरमा निर्माण गरिएको हो।

फिल्म हिन्दी, तमिल, तेलुगु, कन्नड र मलयालम गरी पाँच भाषामा रिलिज हुने जनाइएको छ।

## राष्ट्रियसभाः
# कर्णालीलाई विकासको गति दिन सांसदहरूको माग



काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकको विशेष समयमा सांसद दुर्गा गुरुङले कर्णाली प्रदेश प्राकृतिक स्रोत तथा साधनले युक्त भए पनि विकासको दृष्टिले अगाडि बढ्न नसकेको बताउनुभएको छ।

संविधानले समान विकासको परिकल्पना गरे पनि कर्णालीमा प्रभावकारी रूपमा विकास निर्माणको काम अगाडि बढ्न नसकेको, स्वास्थ्योपचार पाउन नसकेको तथा बेरोजगारीको अवस्था भयावह रहेको र सहज रूपमा शिक्षा पाउन नसकेका यर्थाथता पेस गर्नुभयो।

सो प्रदेशलाई दया नभई अधिकार प्रदान गर्नुपर्नेमा उहाँको जोड दिनुभयो। सो प्रदेशले विद्यालय, शिक्षालय अनि सम्मानका साथ बाँच्न पाउने अधिकार मागेको उल्लेख गर्दै उहाँले सरकारको नीति तथा कार्यक्रम र बजेटमा कर्णाली देखिनुपर्ने धारणा राख्नुभयो।

सांसद विष्णुबहादुर विश्वकर्माले जलवायु परिवर्तनको ठूलो प्रभाव परेको एवं हिमालहरू काला पहाडमा परिवर्तन भएको र बेमौसमी वर्षाले दैनिक जीवनमा समस्या सिर्जना हुँदै गएको उल्लेख गर्दै त्यसमा पनि कमजोर वर्ग तथा समुदाय सबैभन्दा बढी समस्यामा परेकाले जोखिम न्यूनीकरणका लागि आवश्यक कदम चाल्नुपर्नेमा जोड दिनुभयो।

सांसद सम्झना देवकोटाले लामो समयदेखि चर्चामा रहेको बुढीगण्डकी जलविद्युत् आयोजनाको काम अगाडि बढ्न नसकेमा गुनासो गर्नुभयो। सो आयोजनाको मुआब्जा वितरण भइसकेको, विस्तृत परियोजना प्रतिवेदनसमेत तयार भइसकेको भए पनि प्रक्रिया अगाडि नबढ्दा स्थानीय बजार सुनसान भएको र स्थानीयवासी दोधारमा रहेको यर्थाथता पेस गर्नुभयो।

सांसद नरबहादुर विष्टले गत भदौ २३ र २४ गतेको आन्दोलनका विषयमा छानबिनका लागि गठन भएको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्नुभयो। उहाँले सोही घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन पनि तत्काल सार्वजनिक हुनुपर्नेमा जोड दिनुभयो।

सांसद सोमनाथ पोर्तेलले जनताका प्रतिनिधिहरूले सदनमा उठाएका कुराको जवाफ सरकारले दिनैपर्ने धारणा राख्नुभयो। उहाँले सुकुम्बासी समस्याको दिगो र दीर्घकालीन समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**सदनमा उठेका विषयको सम्बोधन गर्न माग**

राष्ट्रियसभाका सदस्यहरूले सदनमा उठेका जनसरोकारका विषयको सम्बोधन र कार्यान्वयन हुनुपर्ने माग गर्नुभएको छ। सभाको आजको बैठकको विशेष समयमा नेपाल सरकारले सदनमा उठाइएका विषयमा सम्बोधन गर्नुपर्नेमा जोड दिइएको हो।

सांसद पदमबहादुर परियारले सरकारले जनताको अपेक्षा र आशालाई केन्द्रमा राखेर सामूहिक दायित्व बहन गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले सदन जनताको थलो भएकाले सरकारले उपस्थिति भई सम्बोधन गर्नु पहिलो दायित्व हुने प्रष्ट पार्नुभयो।

सांसद प्रेमप्रसाद दङ्गालले नेपाल सरकारलाई सदनमा उठेका जनसरोकारका विषयको सम्बोधन र कार्यान्वयन हुनुपर्ने माग राख्नुभयो। उहाँले सरकारले विभिन्न आठ अध्यादेश सभामा प्रस्तुत भएपछि छलफलका गर्ने क्रममा सरकारले बेवास्ता गरेको गुनासो गर्नुभयो। उहाँले यही जेठ ७ गते छलफलको कार्यसूची रहेकामा सभाको बैठक स्थगित भएको विषयमा अध्यक्षसमक्ष प्रश्न गर्नुभयो।

सांसद जयन्तीदेवी राईले राउटे समुदायको परम्परा र संस्कृति बेचेर व्यक्ति विशेषले लाभ लिनु अमानवीय गतिविधि रहेको बताउनुभयो। सांसद राईले यही जेठ ५ गते मोरङको मिक्लाजुङ-३ स्थित नेसेलुङ पार्कमा लोपोन्मुख राउटे जाति विशेष मेला आयोजना गरी राउटे समुदायका १९ जना युवायुवतीलाई प्रदर्शन गरिनु गलत भएको टिप्पणी गर्नुभयो। रासस

# डिजिटल विभाजन अन्त्य गर्न सरकार प्रतिबद्ध छ : सञ्चारमन्त्री डा तिमिल्सिना




काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपालको सबै क्षेत्र र विशेषगरी दुर्गम तथा उच्च ग्रामीण भेगमा फोन र इन्टरनेट सेवाको पहुँच तथा गुणस्तर सुधार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

सङ्घीय संसद्‌अन्तर्गत प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा सञ्चारमन्त्री डा तिमिल्सिनाले डिजिटल विभाजन अन्त्य गर्न बजेट तथा कार्यक्रमसहित आवश्यक कार्य गर्ने/गराउने विषय सरकारको उच्च प्राथमिकतामा रहेको स्पष्ट पार्नुभयो। साथै, ग्रामीण दूरसञ्चार कोषको करिब रु १६ अर्ब ७८ करोडबराबर रकम सोही उद्देश्यका लागि सदुपयोग गरिने उहाँको भनाइ छ।

सञ्चारमन्त्री तिमिल्सिनाले दुर्गमदेखि सहरी क्षेत्रसम्म भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य दूरसञ्चार सेवा विस्तार गर्नु सरकारको प्राथमिकता रहेको स्पष्ट पार्दै आगामी एक वर्षभित्र थप फोरजी सेवा विस्तार, नयाँ साइट स्थापना तथा पूर्वाधार सुदृढीकरणमार्फत दुर्गम क्षेत्रका सम्भावित बस्तीमा सेवा पुर्याउने कार्ययोजना अघि बढाइएको बताउनुभयो। उहाँले ९०० मेगाहर्ज फ्रिक्वेन्सीमार्फत फोरजी सेवा विस्तार गर्ने योजना कार्यान्वयनमा ल्याउन लागिएको समितिलाई जानकारी दिनुहुँदै यसले कम पूर्वाधारमा बढी भौगोलिक क्षेत्रमा सेवा पुर्याउन मद्दत गर्ने विश्वास लिइएको बताउनुभयो। पहिले फोरजी पूर्ण कार्यान्वयन गरी विस्तारै फाइभजी सेवा सञ्चालनमा ल्याइने मन्त्री तिमिल्सिनाको भनाइ छ। हालसम्म ७५० स्थानीय तहमा फोरजी एलटीई र ७५३ वटै स्थानीय तहमा टुजी सेवाको पहुँच पुगिसकेको छ।

त्यसैगरी, सञ्चारमन्त्री तिमिल्सिनाले सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सूचना प्रविधिलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी नेपाललाई 'टेक हब' बनाउने अवधारणा अघि सारेको बताउनुभयो। सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेशन निर्यातलाई प्रवर्द्धन गरिने उल्लेख छ।

> त्यसैगरी, डिजिटल पार्क, उच्च क्षमताका डाटा सेन्टर र सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबको रूपमा अघि बढाइने गरी सरकारले काम गरिरहेको छ ।
>
> ● सञ्चारमन्त्री तिमिल्सिना

त्यसैगरी, डिजिटल पार्क, उच्च क्षमताका डाटा सेन्टर र सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबको रूपमा अघि बढाइने गरी सरकारले काम गरिरहेको सञ्चारमन्त्री तिमिल्सिनाको भनाइ छ। उहाँले यसका लागि सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सहलगानी तथा अनुसन्धान र नवप्रवर्तनमा क्षेत्रमा आवश्यक बजेट छुट्याउने नीति सरकारले लिएको बताउनुभयो।

सञ्चारमन्त्री तिमिल्सिनाले हाल नेपाल सरकारका सबै कार्य एकीकृत व्यवस्थापन सूचना प्रणालीमार्फत गर्ने कार्य भइरहेको र नागरिक एपमार्फत सबैको सहज पहुँचका लागि सेवा थप गरिएको तथा सचेतनाका कार्यक्रम सञ्चालन भइरहेको समेत जानकारी दिनुभयो। उहाँले गैरआवासीय नेपाली र डायस्पोराको सूचना प्रविधि क्षेत्रमा लगानी आकर्षित गर्न सरकारले सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सञ्चारमन्त्री तिमिल्सिनाले आर्थिक हिनामिना र अख्तियारको दुरुपयोग गर्नेहरूप्रति सरकारले शून्य सहनशीलताको नीति अवलम्बन गरेको बताउँदै दूरसञ्चार क्षेत्रमा विगतमा भएका हिनामिना र अपचलनबारे सरकारले अध्ययन गरिरहेको बताउनुभयो।

त्यस्तै, अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने सरकारको कुनै मनसाय नरहेको बताउनुहुँदै अभिव्यक्ति स्वतन्त्रताको परिभाषा र दायरा स्पष्ट पार्न आवश्यक रहेको बताउनुभयो। प्रेस स्वतन्त्रता प्रयोग गर्दा व्यक्तिगत गोपनीयताको हक हनन नहोस् भन्नेमा सञ्चार जगत् सचेत हुनुपर्ने उहाँको भनाइ छ।

मिडिया काउन्सिल विधेयकमार्फत पत्रकारिता क्षेत्रका समस्या सम्बोधन गरिने उहाँले आश्वासन दिनुभयो। सञ्चारमाध्यमलाई जिम्मेवार र जवाफदेही बनाउन सरकारले आगामी आर्थिक वर्षका लागि केही प्याकेज ल्याउने तयारी गरेको पनि उहाँले समितिमा बताउनुभयो। आगामी आर्थिक वर्षदेखि जिम्मेवार पत्रकारिताका लागि तालिम, फेलोसिपलगायत कार्यक्रम कार्यान्वयनमा ल्याइने उहाँको भनाइ छ।

समितिको बैठकमा सांसद महावीर पुनले ओटीटीसँग सम्बन्धित कानुन बनाउँदा सबै सरोकारवालाको सुझाव लिनुपर्ने र हुलाक सेवालाई पार्सल डेलिभरी संयन्त्रका रूपमा स्थापित गर्नुपर्ने धारणा राख्नुभयो। सांसद डा अच्युतम लामिछानेले हुलाक सेवाबाट शैक्षिक प्रमाणपत्र ढुवानी र बैंकिङ सेवा विस्तार गर्न सकिने, डिजिटल ठेगाना प्रणाली आवश्यक रहेको तथा फाइभजी सेवा र सार्वजनिक सवारीमा डिजिटल भुक्तानीबारे जिज्ञासा राख्नुभयो।

त्यस्तै, सांसद पुकार बमले सरकार र सत्तारुढ दलले सूचना प्रविधि क्षेत्रका विकास तथा कृत्रिम बौद्धिकतालाई प्राथमिकता राखेर काम गरिरहेको उल्लेख गर्नुहुँदै अध्ययन अनुसन्धानमा बजेट बढाउनुपर्ने र नेपालको आफ्नै भूउपग्रह प्रविधि सञ्चालन सम्भावनाबारे अध्ययन गरिनुपर्ने बताउनुभयो। उहाँले प्रवासी नेपालीबाट सूचना प्रविधि क्षेत्रमा लगानी भित्र्याउने सकिने ठूलो सम्भावना रहेको उल्लेख गर्नुभयो।

सांसद रमेशकुमार मल्लले सबै प्रदेशमा फाइबर नेटवर्क विस्तार गर्न गति दिनुपर्ने माग राख्नुभयो। सांसद प्रमिलाकुमारी गच्छदारले सञ्चार मन्त्रालयको बजेट खर्च कमजोर रहेको, आगामी वर्षको न्यून बजेट सिलिङले सूचना प्रविधि क्षेत्रका लागि पर्याप्त नदेखिएको र कानुन संशोधन आवश्यक रहेको बताउनुभयो।

सांसद गुरुप्रसाद बरालले डिजिटल पूर्वाधार विस्तारमा गुणात्मक नतिजा नदेखिएको, सरकारी कार्यालय पेपरलेस बनाउने योजनालाई सेवा प्रवाहसँग जोड्नुपर्ने बताउनुहुँदै वडा तहको सेवा कमजोर रहेको बताउनुभयो। सांसद राजन गौतमले सरकारी तथ्याङ्कको तुलनामा फोरजी विस्तार कमजोर रहेको तथा विद्युतीय कारोबार ऐन २०६३ को कार्यान्वयन पक्ष कमजोर देखिएको बताउनुभयो। उहाँले साइबर सुरक्षा तथा डाटा गोपनीयतालाई गम्भीरतापूर्वक लिनुपर्ने धारणासमेत राख्नुभयो।

सांसद प्राडा चन्द्रमोहन यादवले मोबाइल सेवा अवरुद्ध हुने समस्या तथा सूचना प्रविधि क्षेत्रमा रोजगारी सृजनाको सम्भावनाको विषय उठाउनुभयो। रासस

# प्रयोगकर्तालाई थाहा नदिइ विधेयक निर्माण हुनु हुँदैनः सभामुख



काठमाण्डु। सभामुख डोलप्रसाद अर्यालले देश र नागरिकलाई सुहाउँदो कानुन निर्माणमा विधायकले ध्यान दिनुपर्ने बताउनुभएको छ। पूर्वसांसद मञ्च नेपालले आज 'संसदीय समितिमा विधायकी र गैरविधायिकी अभ्यास' विषयक अन्तरसंवादमा उहाँले पुराना कानुनको संशोधन र खारेजी तथा भविष्यलाई हेरेर विधायकी कामकारबाही अघि बढाउनुपर्ने बताउनुभयो।

सभामुख अर्यालले विधेयकको मस्यौदा निर्माणमा भइरहेको अभ्यासले व्यावहारिकतालाई सम्बोधन गर्न नसकिरहेको दृष्टान्त सुनाउनुभयो। "विधेयकको निर्माण कसले गर्दिन्छ, कसलाई सोधेर र कोसँग छलफल गरेर गरिन्छ ?", उहाँले भन्नुभयो।

कानुनको प्रयोगकर्तालाई थाहा नदिई निर्माण भएका कतिपय विधेयकले हाम्रो भूगोल र चेतनाको स्तरलाई समेट्न नसकेको पाइएको उहाँको भनाइ छ। "कानुनको प्रयोगकर्तालाई कस्तो कानुन बन्छ भन्ने थाहा हुँदैन। हामी कानुन बनाइदिन्छौं, 'तिमी प्रयोग गर' भनेर लाद्ने कोसिस गर्छौं", सभामुख अर्यालले भन्नुभयो, "यसबाट जनताले आफूले प्रयोग गर्ने काननु थाहा पाउँदैनन् र जबर्जस्ती सो कानुन पालना गर्न बाध्य हुन्छन्।"

सभामुख अर्यालले मुलुकमा गणतन्त्रको बिहानी ल्याउन पूर्वसांसदहरुले खेलेको भूमिका असाधारण रहेको बताउनुभयो। उहाँले अग्रजहरूको अनुभव र तत्कालीन राजनीतिक परिस्थितिमा गरेको सङ्घर्ष तथा पछिल्लो पुस्ताको क्रियाशीलताबाट मुलुक समृद्धिको यात्रामा अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

मञ्चका उपाध्यक्ष सुशीला शर्माले पूर्वसांसदको अनुभव र वर्तमान सांसदको क्रियाशीलताले संसदीय अभ्यासले नयाँ उचाइ हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो।

मञ्चका कार्यवाहक अध्यक्ष विष्णुबहादुर राउतले 'संसदीय समितिमा विधायकी अभ्यास', 'संसदीय समितिमा गैरविधायकी अभ्यास' र 'अन्तरराष्ट्रिय महासन्धि र अदालतका आदेश कार्यान्वयनमा समितिको भूमिका' विषयमा विज्ञबाट प्रस्तुति गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा र राष्ट्रियसभाका विषयगत समितिका सभापति, पूर्वसांसद, संविधानसभा सदस्य, बहालवाला सांसद, सङ्घीय संसद् सचिवालयका महासचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवलगायत उपस्थिति हुनुहुन्थ्यो। रासस

# सुकुम्बासीका लागि स्पष्ट र ठोस कार्ययोजना ल्याउन सांसदहरूको माग

काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकको शून्य समयमा सांसदहरूले सुकुम्बासी समस्या समाधानका लागि स्पष्ट र ठोस कार्ययोजनासहित प्रक्रिया अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ। सांसद मनरुपा शर्माले काठमाडौँका नदीकिनारबाट हटाइएका सुकुम्बासीको बालबच्चा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिक राखिएको स्थानमा प्रभावकारी मनोपरामर्श सेवा उपलब्ध गराउन माग गर्नुभयो।

सांसद रेणु चन्दले सुकुम्बासीको मानवअधिकार र मौलिक अधिकारको संरक्षण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सुकुम्बासी राखिएका होल्डिङ सेन्टरमा शुद्ध खानपानको प्रबन्ध गर्न माग गर्नुभयो। सांसद पदमबहादुर परियारले राष्ट्रियसभाको सदस्यहरू विगत छ महिनादेखि खाली रहेकामा ध्यानाकर्षण गराउनुभयो। सांसद रुक्मिणी कोइरालाले कोशी सम्झौताअनुसार भारदहको पुल निर्माण गर्दा लिइएको जग्गाको क्षतिपूर्ति प्राप्त हुन नसकेकामा सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद विष्णुकुमारी सापकोटाले सहकारीपीडितले न्याय नपाएकामा तर्क गर्दै तत्काल समस्या समाधान गर्न माग गर्नुभयो। सांसद विष्णुबहादुर विश्वकर्माले हुम्लाको चङ्खेलीमा यही जेठ ४ गतेको अविरल वर्षाका कारण जनजीवन प्रभावित भएको, पशु चौपायाको ज्यान गएका उल्लेख गर्दै स्थानीयवासीलाई राहत उपलब्ध गराउन माग गर्नुभयो।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले सहकारीपीडितलाई फिर्ता दिन लागेको रकम सरकारी ढुकुटीबाटलिनलागेकोहोकिसहकारीमाबदमासी गरेकाहरूबाट उठाएर दिन लागेको हो भन्नेबारेमा सदनलाई जानकारी दिन माग गर्नुभयो। सांसद सावित्री मल्लले दैलेखको जलजलेमा ग्यास रहेकोसम्बन्धी विवरण सरकारलाई उपलब्ध गराइसकेको भए पनि दोस्रो चरणको काम ठप्प भएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# जैविक विविधताको संरक्षण दिगो विकास र मानव कल्याणसँग जोडिएको छः मन्त्री चौधरी



काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जैविक विविधताको संरक्षण नेपालको सन्दर्भमा केवल वातावरणीय मुद्दा मात्र नभई दिगो विकास र मानव कल्याणसँग प्रत्यक्ष रूपमा जोडिएको विषयका रूपमा रहेको उल्लेख गर्नुभएको छ।

अन्तरराष्ट्रिय जैविक विविधता दिवस (मे २२) को अवसरमा आज शुभकामना सन्देश व्यक्त गर्दै मन्त्री चौधरीले आगामी दिनमा जैविक विविधता संरक्षणलाई थप प्रभावकारी बनाउन बहुक्षेत्रगत समन्वयलाई सुदृढ बनाइने बताउनुभयो। उहाँले त्यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई व्यवहारमा उतार्नुपर्ने आवश्यकता औँल्याउनुभयो। नेपाल विसं २०५० देखि जैविक विविधता महासन्धिको पक्ष राष्ट्रका रूपमा रहँदै आएकामा हरेक वर्ष जस्तै यस वर्ष पनि विश्वव्यापी प्रभावका लागि स्थानीय पहल भन्ने नाराका साथ आज देशभर यो दिवस मनाइँदै छ।

मन्त्री चौधरीले जैविक विविधताको विषय जलवायु परिवर्तन र प्रदूषणसँगै विश्वव्यापी तीन प्रमुख सङ्कटमध्ये एक रहेको बताउँदै यसले संरक्षणलाई प्राथमिकताको विषय बनाएको उल्लेख गर्नुभयो। उहाँले नेपालको सन्दर्भमा जैविक विविधता संरक्षणले खाद्य सुरक्षा, पानीको उपलब्धता, जलवायु सन्तुलन, माटोको उर्वरता तथा समग्र पारिस्थितिक प्रक्रियाको सन्तुलन कायम गर्न महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

नेपालले जैविक विविधता संरक्षणमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको जनाउँदै मन्त्री चौधरीले लोपोन्मुख बाघ, गैँडाजस्ता प्रमुख प्रजातिको सङ्ख्या वृद्धि, संरक्षित क्षेत्रहरूको विस्तार, सामुदायिक वन व्यवस्थापनमार्फत स्थानीय सहभागिता अभिवृद्धि तथा पारिस्थितिक प्रणाली संरक्षणलगायत सफल अभ्यासहरू यसका उदाहरणका रूपमा रहेका उल्लेख गर्नुभयो।

"यी उपलब्धिसँगै महत्वपूर्ण चुनौतीहरू पनि विद्यमान छन्। पूर्वाधार विकास र संरक्षणबीच सन्तुलन कायम गर्नु, बढ्दो मानव-वन्यजन्तु द्वन्द्वको प्रभावकारी व्यवस्थापन, कृषि, जल एवं खर्क जैविक विविधता तथा अन्य जैविक विविधताको संरक्षण, संरक्षित क्षेत्र र वनको व्यवस्थापन तथा जैविक स्रोतबाट प्राप्त हुने लाभको न्यायोचित र समतामूलक बाँडफाँट सुनिश्चित गर्नु अझै चुनौतीका रूपमा छन्", मन्त्री चौधरीले सन्देशमा उल्लेख गर्नुभएको छ।

संरक्षण, दिगो उपयोग तथा लाभको न्यायोचित बाँडफाँटलाई सन्तुलित रूपमा अघि बढाउँदै जैविक विविधतालाई विकास योजनाको केन्द्रमा राख्नुपर्नेमा उहाँले जोड दिनुभयो।रासस

# वनमन्त्री चौधरीसँग राजदूत पुजोलको भेटवार्ता



काठमाण्डु। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग नेपालका लागि स्पेनका गैरआवासीय राजदूत जुआन एन्टोनियो मार्च पुजोलले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

मन्त्रालयमा शुक्रबार भएको भेटवार्ता उहाँहरूबीच कृषि आधुनिकीकरण, कृषि डिजिटलाइजेसन, गुणस्तरीय कृषि उत्पादन, जल व्यवस्थापन, जलवायु अनुकूल कृषि तथा द्विपक्षीय सहकार्य विस्तारका विविध विषयमा छलफल भएको थियो।

भेटका क्रममा राजदूत पुजोलले सन् २०२७ मा हुने संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ)का महानिर्देशक पदको निर्वाचनमा नेपाल सरकारको सकारात्मक समर्थन अपेक्षा गरिएको बताउनुभएको थियो।

सो सम्बन्धमा मन्त्री चौधरीले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी अघि बढाइने जानकारी दिनुभएको मन्त्रालयले जनाएको छ।

राजदूत पुजोलले गुणस्तरीय कृषि उत्पादन, कृषि ट्रेसबिलिटी प्रणाली तथा कृषि क्षेत्रमा लगानी र प्रविधि आदानप्रदानका क्षेत्रमा स्पेन सहकार्य गर्न इच्छुक रहेको बताउनुभएको थियो। उहाँले स्पेनको ज्वालामुखीय क्षेत्रमा विकसित वाइन उत्पादन, जैतुन तेलको ट्रेसबिलिटी प्रणाली, सुन्तला, सिट्रस तथा अङ्गुरखेतीका अभ्यासका साथै जल अभाव भएका टापु क्षेत्रमा रातको समयमा पानी उठाउने प्रविधिबारे जानकारी गराउनुभएको थियो।

उहाँले स्पेनमा आयोजना हुने कृषि प्रदर्शनी तथा लगानी सम्मेलनहरूमा उत्पादक, लगानीकर्ता तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहने जानकारी दिँदै नेपाललाई पनि यस्ता अवसरमा सहभागी हुन आग्रह गर्नुभयो। साथै महिलासम्बन्धी एक अन्तरराष्ट्रिय सम्मेलनमा नेपाललाई परराष्ट्र मन्त्रालयमार्फत निमन्त्रणा गरिएको जानकारी दिनुभयो।

मन्त्री चौधरीले नेपाल सरकारले कृषि डिजिटलाइजेसन, युवा सशक्तीकरण तथा कृषि नवप्रवर्तनलाई प्राथमिकतामा राखी काम गरिरहेको बताउनुभयो। उहाँले नेपालमा भौगोलिक सङ्केत (जिआई) दर्ता प्रक्रिया सुरु गरिएको र सुन्तला तथा किवीका लागि पाइलट कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो।

मन्त्रीले नेपालमा प्राकृतिक स्रोतको प्रचुर सम्भावना भए पनि प्रविधि तथा जलवायु सहनशील कृषि प्रणालीको आवश्यकता रहेको उल्लेख गर्दै परम्परागत कृषिलाई बजारसँग जोड्नुपर्ने आवश्यकता औँल्याउनुभयो। साथै वन संरक्षणका प्रयासका बाबजुद नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको उल्लेख गर्दै स्पेनको अनुभव तथा विज्ञताबाट सिक्न नेपाल इच्छुक रहेको बताउनुभएको थियो। रासस

# रिक्शामा ट्रम्प




रासस/एएफपी । नयाँदिल्लीका सर्वसाधारणको दैनिक जीवनसँग गहिरो रूपमा जोडिएका अटो-रिक्शाहरू अहिले अमेरिकाको २५० औँ स्वतन्त्रता उत्सव र अमेरिकी विदेशमन्त्री मार्को रुबियोको भारत भ्रमणको पूर्वसन्ध्यामा डोनाल्ड ट्रम्प-थिमयुक्त प्रचार सामग्रीसहित नयाँ रूपमै देखिन थालेका छन्। तर यस अभियानप्रति सबैको प्रतिक्रिया सकारात्मक छैन।

भारतको राजधानीमा चल्ने पहेँलो-हरियो तीन पाङ्ग्रे अटो-रिक्शामा अहिले ट्रम्पको अनुहार र अमेरिकी झण्डासहितका कभरहरू प्रयोग भइरहेका छन् । अमेरिकाको दूतावासले उपलब्ध गराएको भनिएको यी कभरहरू हजारौँ सवारी साधनमा प्रयोग हुँदै 'जन्मदिनको शुभकामना अमेरिका !' र '२५० वर्ष पुरानो' जस्ता सन्देशसहित प्रदर्शन गरिएको छ। केही डिजाइनमा स्ट्याचु अफ लिबर्टी समेत समावेश गरिएको छ।

अमेरिकी राजदूत सर्जियो गोरको पहलमा सुरु गरिएको यो अभियानले भारतीय राजधानीमा सञ्चालित अटो-रिक्शालाई सांस्कृतिक र कूटनीतिक प्रचारको माध्यमका रूपमा प्रयोग गर्ने उद्देश्य राखेको बताइएको छ । नयाँदिल्लीस्थित अमेरिकी दूतावासले एएफपीलाई दिएको जानकारीअनुसार हजारौँ अटो-रिक्शामा अमेरिकाको २५० औँ वार्षिकोत्सवका सन्देशहरू प्रदर्शन गरिनेछ।

यहीबीच, नयाँदिल्लीका २४ वर्षीय चालक तुषारले भीषण गर्मीका बीच रिक्शामा ट्रम्प-थिम कभर जडान गर्ने काम गरिरहेका छन्। उनले आपूर्तिकर्ताबाट दैनिक ६० देखि ७० वटा कभर प्राप्त हुने र प्रत्येक जडान गरेबापत करिब ५० रुपैयाँ आम्दानी हुने बताए।

तुषारका अनुसार धेरै चालकहरूलाई निःशुल्क कभर प्रयोग गर्न मनाउनुपर्ने अवस्था छ, विशेषगरी उनीहरू सीएनजी इन्धनका लागि लाममा बसिरहेका बेला सानो चियापानी जस्ता प्रोत्साहनले पनि उनीहरूको निर्णय प्रभावित हुने गर्छ। उनले सामान्य जीवनमा यस्ता प्रचार सामग्रीहरू कहिले अचार त कहिले अन्य उपहारसँग तुलना गर्दै ' उपहारहरू परिवर्तन भइरहन्छन्' भनी टिप्पणी गरे।

तर सबै चालक यस अभियानप्रति उत्साहित छैनन्। एक चालकले आफ्नो नाम सार्वजनिक नगर्ने शर्तमा 'ट्रम्पले सबै कुरा बर्बाद गरेका छन्' भन्दै असन्तुष्टि व्यक्त गरे । अर्का चालक मुरारी लालले भने निःशुल्क कभर पाए पनि आफूले कुनै अतिरिक्त लागत नबोकेकाले प्रयोग गरेको बताए।

यो प्रचार अभियान भारतमा इन्धन आपूर्ति र मूल्यबारे चिन्ता बढिरहेका बेला आएको हो । इरानसँग सम्बन्धित भू-राजनीतिक तनाव र हर्मुज जलघाँटीमा देखिएको अस्थिरताका कारण भारतले इन्धन आपूर्तिमा चुनौती सामना गरिरहेको बताइएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले इन्धन बचतका लागि सार्वजनिक कर्मचारीहरूलाई घरबाट काम गर्ने व्यवस्था समेत लागू गर्न आह्वान गर्नुभएको छ । भारत विश्वको तेस्रो ठूलो तेल खरिदकर्ता देश भएकाले यस्ता घटनाक्रमले इन्धन मूल्य र उपभोगमा प्रत्यक्ष प्रभाव पारिरहेको देखिन्छ।

इन्धनको मूल्य वृद्धिसँगै व्यावसायिक चालकहरूमा असन्तोष बढेको छ । केहीले भने राजनीतिक र अन्तर्राष्ट्रिय घटनाक्रमलाई दोष दिँदै आफ्नो व्यवसाय प्रभावित भएको गुनासो गरेका छन्।

यसैबीच, भारत भ्रमणमा रहेका अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भारतका विभिन्न सहरहरूमा कूटनीतिक भेटघाट गर्ने कार्यक्रम रहेको छ । उहाँ कोलकाताबाट सुरु हुने भ्रमणपछि नयाँदिल्लीसहित अन्य सहरहरूमा द्विपक्षीय तथा बहुपक्षीय वार्तामा सहभागी हुनुहुनेछ।

रुबियोको यो भ्रमण सन् १७७६ मा अमेरिकाको स्वतन्त्रता घोषणाको २५०औँ वार्षिकोत्सवसँग पनि जोडिएको छ, जसअन्तर्गत नयाँदिल्लीमा विशेष समारोह आयोजना हुने अपेक्षा गरिएको छ।

य स ै ब ी च , अमेरिका र भारतबीचको सम्बन्धमा उतारचढाव देखिँदै आएको पृष्ठभूमिमा राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रधानमन्त्री नरेन्द्र मोदीबीचको सम्बन्धलाई लिएर पनि विभिन्न राजनीतिक टिप्पणी भइरहेका छन्। विशेषगरी काश्मीर घटनाक्रम र क्षेत्रीय कूटनीतिक मतभेदपछि दुई देशबीचको सम्बन्धमा केही तनाव देखिएको विश्लेषण गरिएको छ।

# नेपालसंग अमेरिका फेरि पराजित




काठमाण्डु । नेपालले आइसिसी विश्व कप लिग २ मा उत्कृष्ट अलराउन्ड प्रदर्शन गर्दै अमेरिकालाई १ सय २२ रनको लज्जास्पद पराजित गरेको छ।

नेपालको ब्याटिङ जितको मुख्य कारण रहेको छ । इशान पाण्डे र दीपेन्द्र सिंह ऐरीले अर्धशतकीय पारी खेले । बलिङमा पनि नेपालको प्रदर्शन अब्बल छ।

जितको लागि ३ सय १८ रनको विशाल लक्ष्य पछ्याएको अमेरिका ४१.२ ओभरमा सबै विकेट गुमाउँदै १ सय ९५ रनमा समेटियो। रनको खाता नखोली अमेरिकाका ओपनर स्मित पटेललाई सोमपाल कामीले आउट गरे।

सयान जहाङ्गीर र कप्तान सेहान जयसूर्याले दोस्रो विकेटको लागि ५३ रनको साझेदारी गरे। २७ रन बनाएका सयानलाई स्टार लेग स्पिनर सन्दीप लामिछानेले आउट गरे।

लगत्तै २६ रन जोडेका सेहानलाई दीपेन्द्र सिंह ऐरीले पबिलियनको बाटो देखाइदिए । तेस्रो विकेटको नोक्सानीमा ५५ रन जोड्दा अमेरिकाले सुरूवात निराशाजनक गरेको थियो ।

नेपालले निरन्तर अन्तरालमा विकेट झार्दा अमेरिका निरिह बनेको थियो। मिलिन्द कुमार १२ रनमा, शुभम रान्जने २ रनमा र कप्तान साइतेजा मुकामल्ल २२ रनमा आउट हुँदा ६ विकेटको नोक्सानीमा अमेरिकाले ९४ रन बनाएको थियो । यो सँगै अमेरिकाको हार लगभग निश्चित भैसकेको थियो । लगत्तै हर्मित सिंह डक आउट भए।

यसपछि सञ्जय कृष्णमुर्ति र नोसथुस केन्जिकेले आठौं विकेटको लागि ७० रनको साझेदारी गर्दै टोलीलाई लज्जास्पद हारबाट जोगाएको थियो। यो साझेदारीलाई गुल्सन झाले तोडेको थियो। अर्धशतक बनाएका सञ्जय ५६ रनमा आउट भएको थियो। सौरव नेट्राभल्कर नवौं विकेटको रूपमा १० रनमा पबिलियन फर्केको थियो।

२९ रन बनाएका नोसथुस दीपेन्द्रको शिकार भएसँगै नेपाल जित आफ्नो पक्षमा पार्न सफल भएको हो।

बलिङमा सन्दीप लामिछानेले १० ओभरमा १ मेडन सहित ३० रन दिएर ३ विकेट लिँदै उत्कृष्ट प्रदर्शन गरे । दीपेन्द्र, ललित र गुल्सनले समान २ विकेट लिए।

त्यसअघि अमेरिकाले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ८ विकेटको क्षतिमा ३ सय १७ रनको विशाल योगफल तयार पारेको थियो।

कीर्तिपुर स्थित टियु मैदानमा नेपालले बनाएको यो अहिलेसम्मको सर्वाधिक ठुलो योगफल छ । यसअघि नेपालले २०२३ मा घरेलु मैदानमा ओमान विरुद्ध ३ सय १० रन बनाएको थियो।

ओडिआईमा नेपालले स्कटल्यान्ड विरुद्ध ३ सय २१ रनको विशाल योगफल बनाएको थियो। ओडीआइमा नेपालले बनाएको यो नै सर्वाधिक विशाल योगफल छ।

नेपालका लागि इशानले सर्वाधिक ८४ रनको योगदान दिए । ८३ बलमा ८ चौका र १ छक्का बनाएका इशान शुभम रन्जानेको बलमा सेहान जयासुरियाको बलमा क्याच आउट हुन पुगे । यहि सिरिजमा डेब्यु गरेका इशानको तेस्रो खेलमा यो लगातार दोस्रो अर्धशतक छ।

तेस्रो विकेटका लागि कप्तान रोहित पौडेल र इशानले १ सय १० रनको साझेदारी गरे। ५९ बलमा २ चौका र १ छक्कासहित कप्तान रोहित ३७.६ ओभरमा ४६ रन बनाउँदा मिलिन्द कुमारको बलमा एलबिडब्लु धरापमा परेको छ।

पहिलो विकेटका लागि ओपनर कुशल भुर्तेल र आशिफ शेखले १२.५ ओभरमा ६९ रनको साझेदारी गरे। ३९ बलमा ५ चौका सहयोगमा २९ रन बनाएका कुशल शुभमको बलमा साइतेजा मुक्कमल्लाको हातबाट क्याच आउट भए।

५७ बलमा ६ चौका सहयोगमा ४३ रन बनाएका आशिफ रुसिल उगारकरको बलमा स्मिथ पटेलबाट क्याच आउट हुन पुगे । १२ बलमा १ छक्का सहयोगमा १५ रन बनाएका गुल्सन झा शुभमको बलमा क्याच आउट भए।

दीपेन्द्र ५९ रन थप्दै पेभेलियन फर्केको थियो ३६ बलमा ४ चौका र ४ छक्का प्रहार गरेका दीपेन्द्र रनआउट भए । ओडिआईमा दीपेन्द्रकको यो नवौं अर्धशतक हो। सोमपाल कामी ५ रनमा रनआउट भए।

अमेरिकाका लागि शुभम रन्जानेले ३ विकेट लिएको थियो। रुसिल उगारकर र मिलिन्द कुमारले समान एक विकेट लिएको थियो।

शीर्षस्थानमा रहेको अमेरिकाको यो नवौं हार हो। ३८ अंक सहित अमेरिका शीर्षस्थानमा कायमै छ। नेपालको भने २८ औं खेलमा ११ औं जित हो । २२ अंक सहित पाँचौं स्थानमा कायमै रहेको छ। यो सिरिजमा नेपालले खेलेको ४ मध्ये ३ खेल जित्न सफल रह्यो।

# हर्मुजबारे अमेरिका-इरान सम्झौता अझै अनिश्चित

रासस/एएफपी । अमेरिका र इरानबीच स्ट्रेट अफ हर्मुजलाई स्वतन्त्र गर्ने सम्झौतामा पुग्ने सम्भावना अझै अनिश्चित रहेको संयुक्त अरब इमिरेट्स (युएई) का एक वरिष्ठ अधिकारीले शुक्रबार बताएका छन्।

हर्मुज घाँटी खुला गर्ने सम्झौतामा पुग्न '५०-५०' मात्र सम्भावना रहेको युएईका राष्ट्रपतिका सल्लाहकार अनवर गार्गासले बताउनुभएको हो।



उहाँले तेहरानलाई मध्यपूर्व युद्धको कमजोर युद्धविरामको समयमा वार्तालाई पटक-पटक रोक्ने र शुरु गर्ने र यसमा बढी सौदाबाजी नगर्न आग्रह गर्नुभयो।

"इरानी अधिकारीहरूले वर्षौंदेखि धेरै अवसरहरू गुमाएका छन् किनकि उनीहरूले अवसरलाई बढी आँकलन गर्ने प्रवृत्ति छ," गार्गाशले प्रागमा ग्लोब्सेक फोरमलाई सम्बोधन गर्ने क्रममा भन्नुभयो।

"मलाई आशा छ, उनीहरूले यस पटक त्यसो गर्नेछैनन्," उहाँले अगाडि भन्नुभयो।

अमेरिकी सैन्य सुविधाहरू रहेको तेलको धनी युएईलाई फेब्रुअरी २८ देखि सुरु भएको ४० दिनको युद्धको क्रममा करिब तीन हजार ३०० ड्रोन र मिसाइलहरूले निशाना बनाएको गर्गासले बताउनुभयो।

उहाँले भन्नुभयो, "इरानले नाकाबन्दी गरेको हर्मुजले सामान्यतया विश्वव्यापी इन्धन आपूर्तिको पाँच भागको एक भाग ओगट्छ । यो मार्ग सामान्य अवस्थामा फर्कनु पर्छ।"

# एन्ड्र्युमाथि थप अनुसन्धान



रासस/एएफपी। बेलायतका पूर्वराजकुमार एन्ड्र्युसँग जोडिएका नयाँ यौन दुर्व्यवहारका आरोपहरूबारे अनुसन्धान गर्न आफूहरू खुला रहेको बेलायती प्रहरीले स्पष्ट पारेको छ। यसले राजा चार्ल्स तृतीयका भाइसँग सम्बन्धित पहिले नै विवादित मुद्दालाई अझ व्यापक बनाएको छ।

राजपरिवारकी दिवङ्गत महारानी एलिजाबेथ द्वितीयका तीन सन्तानमध्ये दोस्रो राजकुमार एन्ड्र्युलाई फेब्रुअरीको मध्यतिर अर्बपति अमेरिकी यौन अपराधी जेफ्री एपस्टेनसँगको सम्बन्धसँग जोडिएका नयाँ खुलासापछि थप कानूनी दबाबमा ल्याइएको थियो।

थेम्स भ्याली प्रहरीका अनुसन्धान अधिकृतहरूले शुक्रबार एक महिलालाई सन् २०१० मा लन्डनको उत्तरमा रहेको विन्डसर सहरमा 'यौन उद्देश्यका लागि' लगिएको भन्ने रिपोर्टपछि सम्भावित पीडितका कानूनी प्रतिनिधिसँग सम्पर्कमा रहेको जानकारी दिएका छन्।

प्रहरीका अनुसार उनीहरूको मुख्य अनुसन्धान हाल एन्ड्र्युले सार्वजनिक पदमा रहँदा गरेको कथित दुरुपयोगसँग सम्बन्धित विषयमा केन्द्रित भए पनि नयाँ उजुरीहरू आएमा त्यसलाई पनि समान गम्भीरताका साथ हेर्ने तयारी रहेको छ।

उक्त अनुसन्धान टोलीले संयुक्त राज्य अमेरिकामा पारित एपस्टेन फाइल ट्रान्सपरेन्सी ऐनअन्तर्गत सार्वजनिक गरिएका विवरणहरू आएपछि कथित घटनाका विभिन्न पक्षहरूबारे थप मूल्याङ्कन भइरहेको स्पष्ट पारेको छ।

यसैबीच प्रहरीले सार्वजनिक कार्यालयमा भएको कथित दुरुपयोगको अनुसन्धानसँगै सन् २०१० को एक अलग घटनाबारे पनि प्रारम्भिक मूल्याङ्कन भइरहेको जनाएको छ। उक्त घटनामा एक महिलालाई विन्डसरस्थित ठेगानामा यौन उद्देश्यका लागि लगिएको दाबी गरिएको छ।

प्रहरी विज्ञप्तिमा सम्बन्धित महिलाले औपचारिक रूपमा उजुरी दिन चाहे त्यसलाई गम्भीरताका साथ लिइनेछ र उनको गोपनीयता, संवेदनशीलता तथा नाम गोप्य राख्ने अधिकारको पूर्ण सम्मान गरिनेछ भनी उल्लेख गरिएको छ।

अनुसन्धान अधिकृतहरूले यस्ता घटनासम्बन्धी कुनै पनि जानकारी भएका व्यक्तिहरूलाई अगाडि आउन पुनः आह्वान गरेका छन्।

यसअघि फेब्रुअरीमा भएको गिरफ्तारीपछि एन्ड्र्युलाई सन् २००१ देखि २०११ सम्म बेलायतको व्यापार दूतका रूपमा विभिन्न देशमा यात्रा गर्दा सार्वजनिक पदको दुरुपयोग गरेको आशङ्कामा घन्टौँ सोधपुछ गरिएको थियो।

एन्ड्र्युले भने आफूले कुनै पनि गलत काम नगरेको दाबी गर्दै आउनुभएको छ र हालसम्म उहाँमाथि औपचारिक अभियोग लगाइएको छैन, तर उहाँ प्रहरी निगरानीमै रहनुभएको छ।

सन् २०१९ मा जेलमै मृत्यु भएका एपस्टेनसँगको सम्बन्धका कारण उत्पन्न विवाद चर्किएपछि बेलायती राजाले गत अक्टोबरमा उहाँको शाही उपाधि खोस्नुभएको थियो । त्यसपछि उहाँलाई विन्डसरस्थित रोयल लजबाट हटाइँदै पूर्वी नोरफोकको स्यान्ड्रिङ्घम एस्टेटमा स्थानान्तरण गरिएको थियो।

## टि-२० महिला क्रिकेटः

# नेपालद्वारा मलेसिया पराजित



काठमाण्डु। नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले मलेसियाविरुद्धको दोस्रो अन्तरराष्ट्रिय टि-ट्वान्टी खेलमा जित हासिल गरेको छ। मलेसियाको बायुमास ओभल क्रिकेट आज भएको खेलमा नेपालले मलेसियामाथि सात विकेटको जित निकालेको हो।

मलेसियाले नेपाललाई जितका लागि ८३ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा नेपालले १६ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । नेपालको जितमा सम्झना खड्काले सर्वाधिक ३९ रनको योगदान दिइन् । त्यस्तै कविता कुँवरले १९ र सोनी पाखरिनले १२ रन जोडिन्। त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको मलेसियाले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ८२ रनको योगफल बनाएको थियो।

मलेसियाका लागि ऐना हमिजाले सर्वाधिक १७ रनको योगदान दिइन् । उनले ३० बलमा एक चौकाको सहायताले १७ रन बनाएकी हुन् । त्यस्तै धनुश्री मुहुनानले १५ रन जोडिन भने अरिनान नातास्याले १३ रन बनाइन्। त्यसबाहेक मलेसियाका अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

बलिङतर्फ नेपालकी कविता कुँवर, रुविना क्षेत्री र रिया शर्माले समान दुई/दुई विकेट लिए भने पूजा महतो र सीता रानामगरले समान एक/एक विकेट विकेट लिइन्। रासस

# मेची रङ्गशालामा "फ्लडलाइट" जडानका लागि त्रिपक्षीय सम्झौता



झापा । भद्रपुरस्थित ऐतिहासिक मेची रङ्गशालामा रात्रिकालीन खेलकुद गतिविधि सञ्चालन गर्न फ्लडलाइट (उच्च क्षमताको प्रकाश प्रणाली) जडान कार्य अघि बढाइएको छ। कोशी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा रु तीन करोड ५० लाख बजेट विनियोजन गरेसँगै यो प्रक्रियाले गति लिएको हो । झापाकै सबैभन्दा पुरानो खेलकुद मैदानका रूपमा परिचित मेची रङ्गशालामा २०७९ सालयता दुईवटा अन्तरराष्ट्रिय टोलीसहितका फुटबल प्रतियोगिता र वार्षिक रूपमा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना हुँदै आएका छन्।

फ्लडलाइट जडान परियोजनालाई मूर्तरूप दिन कोशी प्रदेश सरकारको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय, भद्रपुर नगरपालिका र झापा जिल्ला खेलकुद विकास समितिबीच त्रिपक्षीय सम्झौता भएको हो । सम्झौतापत्रमा मन्त्रालयका तर्फबाट प्रदेश सचिव पुष्करप्रसाद पोखरेल, भद्रपुर नगरपालिकाका तर्फबाट नगरप्रमुख गणेश पोखरेल र खेलकुद विकास समितिका तर्फबाट कार्यालय प्रमुख विष्णुकुमार नेम्वाङले हस्ताक्षर गर्नुभएको छ।

खेलकुद गतिविधिले सधैँ गुञ्जायमान रहने मेची रङ्गशालालाई अत्याधुनिक र प्रविधियुक्त बनाउने लक्ष्यअनुरूप फ्लडलाइट जडान प्रक्रिया सुरु गरिएको भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले बताउनुभयो। "खेलकुद गतिविधिका लागि व्यस्त रहँदै आएको मेची रङ्गशालालाई आधुनिकीकरण र प्रविधियुक्त बनाउने लक्ष्यअनुरूप फ्लडलाइट जडानको प्रक्रिया सुरु गरिएको हो", नगरप्रमुख पोखरेलले भन्नुभयो, "यो काम सम्पन्न भएपछि भद्रपुरमा रात्रिकालीन खेलकुद प्रतियोगिताहरू सञ्चालनमा सहजता हुनेछ।"

पछिल्लो समय भद्रपुरमा अन्तरराष्ट्रियस्तरका फुटबल तथा क्रिकेट प्रतियोगिताहरू बाक्लै रूपमा आयोजना हुन थालेका छन् । जसमध्ये 'भद्रपुर गोल्डकप' र 'महिला गोल्डकप' फुटबल प्रतियोगिता निकै चर्चित छ । फ्लडलाइट जडानका लागि भएको त्रिपक्षीय सम्झौताअनुसार प्रदेश सरकारले बजेट उपलब्ध गराउनेछ भने खेलकुद विकास समितिले जग्गा दिनेछ । भद्रपुर नगरपालिकाले फ्लडलाइट प्रणाली जडानका लागि नेपाल विद्युत् प्राधिकरणबाट विद्युत्को मिटर ल्याउने र विद्युत् शुल्क व्यहोर्ने कुरा सम्झौतामा उल्लेख छ।

फ्लडलाइट प्रणाली जडानकार्य पूर्ण रूपमा सम्पन्न भएपछि यसलाई औपचारिक रूपमा झापा जिल्ला खेलकुद विकास समितिलाई हस्तान्तरण गरिने सम्झौतामा उल्लेख छ। रासस

# अफगानिस्तानमा बाढीका कारण दश जनाको मृत्यु



रासस/एएफपी । उत्तरी अफगानिस्तानको बघलान प्रान्तका अधिकाशं जिल्लाहरूमा भारी वर्षा पछि आएको बाढीका कारण महिला तथा बालबालिका सहित कम्तीमा १० जनाको मृत्यु भएको स्थानीय मिडियालाइ उदृत गर्दै टोलो न्यूजले शुक्रबार रिपोर्ट गरेको छ।

वर्षाका कारणले एक सय भन्दा बढी आवासीय घरहरू क्षेतिग्रस्त बनाउनुका साथै कृषि जमिन डुबानमा परेको जनाइएको छ । जसले प्रान्तको ग्रामीण अर्थतन्त्रलाई गम्भीर चोट पुर्याएको प्रान्तीय विपद् व्यवस्थापन अधिकारीका प्रमुख हेडायतुल्लाह हम्दर्दलाई उद्धृत गर्दै मिडियाले जनाएका छन् । यसै गरी बुधबार राति भएको छुट्टै मौसमी घटनामा दक्षिणी कान्दाहार प्रान्तमा तीन जनाको मृत्यु भएको हुनुका साथै अन्य छ जना घाइते भएको जनाइएको छ।

अफगानिस्तानका केही भागहरूमा विगत केही दिन देखि भारी वर्षा, आँधीबेहरी, गर्जन र बिजुलीको चपेटामा परेको जनाइएको छ। अफगानीस्तानको मौसम विभागले आगामी दिनमा निरन्तर वर्षाको चेतावनी जारी गरेको छ भने कमजोर क्षेत्रहरूमा थप बाढीको चिन्ता बढाएको छ।

## कृषिमन्त्री चौधरीसँग विश्व बैंकका व्यवस्थापकको भेटवार्ता



काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग विश्व बैंकका दक्षिण एसिया व्यवस्थापक टोमस रिकार्डो रोसदा विल्लमरसहित पदाधिकारीले मन्त्रालयमा शिष्टाचार भेटर्वाता गर्नुभएको छ ।

भेटर्वाताका क्रममा कृषिको संस्थागत सुधार, भूमि तथा जलाधार व्यवस्थापन, पशुधन तथा पहाडी कृषि वस्तुको निर्यात प्रवर्द्धन, पशु रोग नियन्त्रण तथा कृषि क्षेत्रको ‘डिजिटाइजेसन’लगायत विषयमा छलफल भएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (एनएलएसआइपी) र ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (रिड) परियोजनाको उपलब्धि तथा फनसेप/रानीजमरा कुलरिया परियोजनाको प्रगतिबारे पनि छलफल भएको हो ।

युवालाई कृषिमा आकर्षित गर्ने, रोजगारी सिर्जना, किसान सूचीकरण तथा कृषि क्षेत्रमा नवप्रवर्तन प्रवर्द्धन गर्ने विषयमा पनि मन्त्री चौधरीले विशेष जोड दिनुभयो । विश्व बजार सुनिश्चित गर्न रोगमुक्त अवस्थाको आवश्यकता औंल्याउँदै मन्त्रालयबाट विश्व बैंकमा प्रेषित पशु स्वास्थ्य प्रणाली रुपान्तरण परियोजनाबारे पनि उहाँले ध्यानाकर्षण गराउनुभयो । साथै ‘एग्री कनेक्ट’ कार्यक्रम नेपालमा कार्यान्वयन गर्ने विषयमा पनि छलफल भएको कृषि, वन तथा पर्यावरणमन्त्री चौधरीको सचिवालयले जनाएको छ ।रासस

# ‘जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु २० को नोट’



काभ्रेपलाञ्चोक । काभ्रेपलाञ्चोकको डाँडापारि क्षेत्र (महाभारत पर्वत शृ‌ंखलापारि)मा पर्ने दुई स्थानीय तहलाई ‘कफी-हब’का रुपमा विकसित गरिँदै आइएको छ । कृषकलाई आकर्षित एवं प्रोत्साहित गर्न केही वर्षदेखि ‘जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु २० को नोट’को कार्यक्रमलाई निरन्तरतासमेत दिइएको छ । यो कार्यक्रमले कृषकले बिरुवा रोप्न खोल्डो खनेकोमा रु २० तथा प्रतिकिलो बिक्री दरमा गाउँपालिकाले रु ३५ सम्म अनुदान दिने गरिएको हो ।

किसानलाई कफीखेतीतर्फ आकर्षित गर्न र स्वदेशमै कफीखेतीको विस्तार गर्न जिल्लाको विकट क्षेत्र मानिएको महाभारत र खानीखोला गाउँपालिकाले कफीखेतीलाई प्रोत्साहन गर्दै आएका हुन् । महाभारतले एक बोट कफीको बिरुवा रोपेवापत रु २० दिने अभियान सुरु गरेको छ भने कफीखेतीमा आकर्षित गर्न खानीखोलाले ‘जसको उत्पादन उसैलाई अनुदान’ भन्ने कार्यक्रम ल्याएको हो । महाभारतका केही वडामा कृषकले आफ्नै तरीकाले कफीखेती गर्दै आएपनि महाभारत गाउँपालिकालाई नै ‘कफी-हब’ बनाउने उद्देश्यले दुई वर्षदेखि सुरु गरिएको ‘जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु २० को नोट’ अभियानअन्तर्गत स्थानीय कृषकलाई पछिल्लो दुई वर्षमा गरी दुई लाख २४ हजार कफीका बिरुवा वितरण गरेको थियो ।

महाभारतले सुरुआती चरणमा पाँचवटा वडालाई कफी पकेट क्षेत्र घोषणा गरे पनि क्रमशः सबै वडालाई कफी-जोन बनाउने र कृषकलाई आम्दानीसँग जोड्न एक बोट कफीको बिरुवा रोप्ने किसानका लागि रु २० अनुदान दिने निर्णयसमेत गरिएको गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले बताउनुभयो । गाउँपालिकाको कृषि शाखाले नाराअनुसार खाल्डो खनेर प्रमाणित गरिएका किसानलाई उनीहरुको मागअनुसार अनुदान रकम दिने गरिएको उहाँले बताउनुभयो । उक्त गाउँपालिकाले यो वर्ष र गत वर्ष गरेर दुई लाख २४ हजार कफीका बिरुवा वितरण भइसकेको छ । गाउँपालिकाले उपलब्ध गराएको बिरुवामध्ये ४० हजार महाभारतमा नै उत्पादन गरिएका हुन् भने बाँकी बिरुवा जिल्लाका अन्य क्षेत्र तथा दोलाखा, ललितपुरबाट खरीद गरी ल्याइएको थियो ।

बागमती प्रदेश सरकारको ‘एक वडा एक उत्पादन’ कार्यक्रमअन्तर्गत महाभारतले कृषकलाई कफी प्रशोधन प्रविधि तालिमसमेत दिएको छ । बाग्मती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा जिल्ला कृषि विकास कार्यालय धुलिखेलको सहयोग तथा महाभारत साना किसान कृषि सहकारी संस्था लिमिटेडको समन्वयमा समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रममा किसानलाई कफीखेतीतर्फ आकर्षित गराउन तथा गुणस्तर उत्पादन र उत्पादकत्व वृद्धिका लागि कफी प्रशोधन प्रविधि तालिम दिइएको थियो । जिम्बाका अनुसार हाल गाउँपालिकाले एक हजार पाँच सय रोपनी जमिनमा कफीखेती भइरहेको छ । गाउँपालिकाले कफी किसानलाई उत्पादनमा आधारित अनुदान दिने कार्यविधिसमेत बनाएको छ ।

जिल्ला कृषि विकास कार्यालयले कफीखेती विस्तार गर्न गाउँपालिका र प्रदेश सरकारसँगको साझेदारी कार्यक्रमअन्तर्गत क्षेत्र विकास गर्न बिरुवा रोप्ने, प्रविधि हस्तान्तरण र सिँचाइका लागि आवश्यक सहयोग गरिएको जनाएको छ । डाँडापारि क्षेत्रमा बर्सेनि २० देखि ४० हजारको हाराहारीमा कफीका बिरुवा उपलब्ध गराउँदै आइएको तथा भइरहेको कफीखेतीलाई प्रविधिमैत्री बनाएर गुणस्तरीय कफी उत्पादनमा जोड दिँदै आएको कार्यालयका प्रमुख कुलप्रसाद दवाडीले बताउनुभयो । उहाँका अनुसार उत्पादित कफीलाई प्रारम्भिक चरणमा प्रशोधन गर्न किसानलाई पलपर मेसिन, सुकाउन त्रिपाल वितरण तथा कफीमा देखिने रोगका समस्या समाधानका लागिसमेत कार्यालय सहयोग गर्दै आएको छ ।

कफीखेतीबाट महाभारत गाउँपालिका-४ कोलटार लामागाउँका शंखलाल थोकरले कफीखेती गरेर वार्षिक रु १६ लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । पाँच वर्षअघिबाट कफी रोपेर व्यावसायिक खेती सुरु गर्नुभएको हाल कफी-नर्सरीसमेत सञ्चालन गर्दै आउनुभएको बताउनुभयो । “यस वर्ष करिब दुई टन कफी उत्पादन भयो, आम्दानी पनि

राम्रै छ, यो वर्ष पनि कफीका नयाँ बिरुवा रोप्ने तयारीमा छु”, थोकरले भन्नुभयो । उहाँले दाजुभाइको जमिनसहित गरेर संयुक्त रूपमा १८ रोपनीमा कफीखेती गर्नुभएको छ ।

स्थानीयस्तरमै कफी काँचो प्रतिकिलो रु १३० र सफा गरेर सुकाएपछि प्रतिकिलो रु ८३० सम्ममा बिक्री हुने स्थानीयले बताएका छन् । खानीखोला गाउँपालिकामा भने ‘जसको उत्पादन : उसैलाई अनुदान’ कार्यक्रममार्फत सिङ्गो गाउँपालिकालाई नै कफी पकेट क्षेत्रसँगै कृषकको आर्थिक जीवनस्तर वृद्धि गर्ने उद्देश्यले कफीमा प्रतिकिलो रु ३५ को दरले अनुदान दिँदै आएको छ । गाउँपालिकाले सुरुआती चरणमै कृषक समूह र कृषि सहकारी गरी ११ संस्थामा आबद्ध कृषकलाई घोषित अनुदान वितरण गर्दै आएको गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङ बताउनुहुन्छ । पहिलो चरणमा सबै कृषक समूहलाई रु पाँच लाख वितरण गरिएको थियो ।

थिङका अनुसार कफी किसानलाई प्रोत्साहन गर्न बर्सेनि रु २० लाखदेखि रु ३५ लाखसम्म बजेट विनियोजनसमेत गर्ने गरिएको छ । । यस्तै स्थानीय कृषकलाई वर्षेनी २० हजारदेखि ३५ हजार कफीका बिरुवा वितरण गर्दै आइएको छ । केही वर्षअघिसम्म खाद्य बालीमा आश्रित उक्त गाउँपालिकाका किसान पछिल्ला वर्षदेखि कफीखेतीमा आकर्षित देखिएको गाउँपालिकाले जनाएको छ ।

मकै, कोदो, फापरलगायत बालीले वर्षभरि जीविका धान्न मुस्किल परेपछि बिगत तीन वर्षदेखि व्यावसायिक कफीखेतीमा रमाउँदै आएका उनीहरुलाई गाउँपालिकाले समेत कफीमा अनुदान दिँदै आएको हो । किसानले उत्पादन गरेको कफीमा गाउँपालिकाले एक किलो बराबर रु ३५ अनुदान दिँदै आएको छ । किसानले बढी उत्पादन गर्छन् उनैलाई बढी अनुदान दिने योजना रहेको थिङ बताउनुहुन्छ । हाल उक्त गाउँपालिकाभित्र ६० देखि ७० टनसम्म कफी उत्पादन भएको जनाइएको छ । “छुट्याइएको बजेटबाट बाँकी रह्यो भने किसानलाई थप बिरुवा वितरणमा खर्चिने गरिएको छ, केही रकम नर्सरी प्रबर्द्धनमा समेत लगानी गर्दै आइएको छ”, थिङले भन्नुभयो । गाउँपालिकामा ११ कृषक समूहबाट १७ पुगेको छ । गाउँपालिकाको बैंसी क्षेत्रका जगथली, तालढुङ्गा, महाँकाल तथा माझीटारबाहेक सबै क्षेत्रमा कफी उत्पादन हुँदै आएको जनाइएको छ ।

यसैबीच महाभारतमा यसै चालु आर्थिक वर्षमा एक लाख १४ हजारभन्दा बढी कफीका बिरुवा रोपिने भएको छ । महाभारतले ‘कफी उत्पादनमार्फत समृद्धि, महाभारत निर्माण’को अभियानलाई यसै कार्यक्रममार्फत बिरुवा रोपण कार्य तीव्ररुपमा अघि बढाएको जनाएको छ । विभिन्न लक्षित कार्यक्रम सञ्चालन गरी पालिकाभर यसै आवमा कुल एक लाख १४ हजारभन्दा बढी कफीका बिरुवा रोप्ने लक्ष्यका साथ काम भइरहेको अध्यक्ष जिम्बाले बताउनुभयो । उहाँका अनुसार ‘जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु २० को नोट’ कार्यक्रममा कृषकलाई कफीखेतीतर्फ आकर्षित र प्रोत्साहित गर्न पालिकाले यो नौलो कार्यक्रम सञ्चालन गरिरहेको हो । कार्यक्रमअन्तर्गत विभिन्न वडामा लक्षितवर्गमा थप ३० हजार बिरुवा रोप्नसमेत लक्ष्य लिइएको छ ।

गाउँपालिकाका अनुसार हालसम्म वडा नं १, ६ र ७ मा बिरुवा वितरण भइसकेको र बाँकी वडामा पनि केही दिनभित्रै क्रमशः वितरण गरिने छ । यस्तै ‘एक वडा एक कृषि उत्पादन’ (कफीखेती) कार्यक्रममा वडा नं ५ मा मात्रै यस वर्ष करिब ३२ हजार कफीका बिरुवा रोपिसकिएको छ । यसैगरी ‘ब्लक विकास कार्यक्रम’अन्तर्गत कफीको व्यावसायिक उत्पादनका लागि वडा नं २ र ३ मा १७ हजार बिरुवा रोपिएको जनाइएको छ । गाउँपालिकाले कफी प्रवर्द्धन कार्यक्रम हाल कार्यान्वयनको चरणमा रहेकाले यस कार्यक्रममार्फत थप करिब ३५ हजार बिरुवा रोपेर यस वर्ष कुल एक लाख १४ हजारभन्दा बढी बिरुवा रोप्ने कार्य सम्पन्न गरिने जनाएको छ ।

कफीखेतीमार्फत कृषकलाई समृद्ध बनाउन गाउँपालिकाले बिरुवा रोप्ने कार्यमा मात्र सीमित नभई कफीखेतीको दिगो विकासका लागि कृषकलाई अन्य प्राविधिक तथा भौतिक सहयोगसमेत उपलब्ध गराइरहेको छ । जिम्बाका अनुसार कफी उत्पादन र गुणस्तर वृद्धि गर्न साना-सिँचाइ आयोजनाअन्तर्गत आधुनिक कृषि यन्त्र उपकरण वितरण, कफी सुकाउने घर निर्माण, तथा मल्चिङ र थोपा सिँचाइसहितको कफी बगैंचा स्थापना गरिएका छन् । यस्तै स्थानीयस्तरमै कफी नर्सरी स्थापना, छहारीका लागि बिरुवा वितरण, कृषकका लागि स्थलगत तालिम तथा अध्ययन अवलोकन भ्रमणजस्ता रचनात्मक क्रियाकलाप पनि सँगसँगै अगाडि बढाइएको जिम्बाले बताउनुभयो ।

यही जेठ पहिलो हप्ता महाभारत-६ का ७१ परिवारलाई छ हजार ८ सय कफीको बिरुवा वितरण गरिएको छ । गाउँपालिकाको कृषि तथा पशुपन्छी शाखाको ‘फिल्ड अनुगमन’अनुसार छ हजार आठ सय मात्रै खाडल खनेको पाइएपछि सोही अनुसार वितरण गरिएको जनाइएको छ । वडाध्यक्ष रमेश लुङ्गेलीका अनुसार वडाभित्र करिब १३ हजार कफीको बिरुवा माग भएको थियो । कृषकको आकर्षण भए पनि मागअनुसार बिरुवा बितरण गर्न नसकिएको लुङ्गेलीको भनाइ छ ।

काभ्रेपलाञ्चोकको दक्षिणपूर्वी क्षेत्रमा अवस्थित दुर्गम गाउँपालिका महाभारतको गर्दै आइएको व्यावसायिक कफी उत्पादनलाई आधुनिकमैत्री बनाउन थालिएको हो । गाउँपालिकाका अनुसार हाल एक हजार चार सय ३३ रोपनी जमिनमा कफीखेती भइरहेको छ । गाउँपालिकामा व्यावसायिक कफी उत्पादन गर्ने किसान एक हजार दुई सयको हाराहारीमा रहेको जनाइएको छ ।

कफी उत्पादनलाई पकेट क्षेत्रका रुपमा विकसित गर्दै हरेका वर्षको नीति तथा कार्यक्रममा प्राथमिकतामा राखिएको जिम्बाको भनाइ छ । यहाँका किसान कफीखेतीमा आकर्षित हुँदै परम्परागत रुपमा मकै, कोदोलगायतका खाद्यान बाली छाड्दै मुख्य आम्दानीको स्रोत कफीलाई बनाउन थालेकाले बिरुवा वितरणलाई पनि अभियानकै रुपमा अगाडि बढाएको जिम्बाले बताउनुभयो । यहाँका किसानले कफीखेतीबाट बर्नेनी रु पाँचदेखि १२ लाखसम्मको बिक्री गर्दै आएको वडा नं ५ का सुवास जिम्बाले बताउनुभयो । उहाँका अनुसार यहाँ कफीखेती राम्रो हुने र बजारीकरणको समस्या हट्दै गएकाले पछिल्ला केही वर्षदेखि किसान कफीखेतीतर्फ आकर्षित बढ्दै गएको हो ।

विगत १२ वर्षदेखि कफीखेती गर्दै आएका वडा नं ६ का किसान बाबुलाल घ्लानले गाउँपालिकाबाट अनुदान पाएपछि आफूहरु निकै खुसी हुँदै कफीखेतीलाई निरन्तरता दिँदै क्षेत्र बढाइएको बताउनुभयो ।

डाँडापारिमा पल्पिङ सेन्टर स्थापनापछि कृषकले त्यहाँ हाल बोक्रा फालेर प्रशोधनअघि बिक्री गर्दा प्रतिकेजी रु पाँचदेखि छ सयसम्म पाउने गरेका छन् । एक पटक रोपेको बिरुवाबाट ५० वर्षसम्म आम्दानी दिने गरेको बताइन्छ । एक रोपनीमा रु वार्षिक २५ देखि ३० हजारसम्म कमाई हुने गरेको पाइएको छ । रासस

## नेप्से परिसूचक १६ दशमलव ३८ अङ्कले बढ्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव ३८ अङ्कले उकालो लागेर दुई हजार सात सय ५८ दशमलव ४९ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ४० अङ्कले उकालो लागेर चार सय ७१ दशमलव ८९ मा पुगेको छ ।

कूल तीन सय ३६ कम्पनीको एक करोड आठ लाख ८८ हजार सात सय ३९ कित्ता शेयर रु चार अर्ब ४९ करोड ८५ लाख १६ हजार ९४ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबार भएकामध्ये दुई सय तीन कम्पनीको शेयर मूल्य भने उकालो लागेको छ । यस्तै, ५७ कम्पनीको भने ओरालो लागेको छ । आठ कम्पनीको भने कुनै परिवर्तन भएको छैन ।

कारोबारका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । यस्तै, रिडी पावर कम्पनी, नेशनल हाइड्रोपावर, अपि पावर कम्पनी र बुङ्गल हाइड्रो शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

यस्तै, क्रिष्ट माइक्रो लाइफ इन्स्योरेन्स, माबिलुङ हाइड्रोपावर, बुंगल हाइड्रो, आँखुखोला जलविद्युत् कम्पनी र सेपुर खुदी हाइड्रोपावरका लगानीकर्ताले आज कमाएका छन् ।

यस्तै, एनआइसी एशिया व्यालेन्स फण्ड,ग्लोबल आईएमई समुन्नत योजना दोस्रो, एबिएल डिबेञ्चर- २०९१, सानिमा बैंक डिवेञ्चर र स्वाभिमान लघुवित्तका लगानीकर्ताले भने गुमाएका छन् । रासस

# आयोजना बैंकमा चार हजार तीन सय ९१ आयोजना दर्ता

काठमाण्डु । चालु आर्थिक वर्षको हालसम्म परियोजना बैंकमा दर्ता भएका परियोजनाको संख्या चार हजार ३९१ पुगेको छ । अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार, नयाँ आयोजनाको संख्या ३९० छन् ।

त्यसमा आव २०८१/८२ को ६ वटा, गत चैत २२ मा १२६, गत वैशाख १० मा १३०, गत वैशाख १५ गते ३१ र यही जेठ ४ गते मात्रै १०३ आयोजना दर्ता भएका छन् । परियोजना बैंकमा रहेका आयोजनामध्ये क्रमागतका ९२ र अध्ययनका क्रममा रहेका तीन हजार ९०९ वटा छन् ।

अर्थतन्त्रको वर्तमान स्थिति र सम्भावनाका क्षेत्र

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आज राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा पेस गर्नुभएको विवरणअनुसार, मुलुकको अर्थतन्त्रको वर्तमान स्थिति र सम्भावनाका क्षेत्रमा विद्युत् उत्पादन र पर्यटक संख्या बढेको उल्लेख गर्नुभएको छ । बैंकमा अधिक निक्षेप तरलता रहेको र विदेशी विनिमयको पर्याप्त सञ्चिति रहेको छ ।

यस्तै, वनको उत्पादकत्वमा वृद्धि, काष्ठ सामग्री र गैरकाष्ठ वन पैदावर निकासीमा उल्लेख्य वृद्धि भई रु २० अर्ब बराबर पुगेको अर्थमन्त्री डा वाग्लेले जानकारी दिनुभयो । यस्तै, विश्व कार्बन व्यापारमा प्रवेश गरेको, कार्बन बिक्रीबाट पहिलो किस्ताको नौ दशमलव चार मिलियन अमेरिकी डलर बराबरको रकम रकम वन विकास कोषमा जम्मा भएको छ ।

कच्चा पदार्थ प्रदान गरी सिमेन्ट तथा जलविद्युत् उत्पादनमा अभिवृद्धि भई आत्मनिर्भर र निर्यातउन्मुख रहेको र तौलरहित व्यापार, डिजिटल सुशासन र सूचना प्रविधिका क्षेत्रबाट नेपालको युवा जनशक्तिको लाभ एवम् रोजगारी अभिवृद्धि हुने अवस्था रहेको उहाँले जानकारी दिनुभयो । रासस


## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. बल्हासघारा वडा नं. ३ कमला न.पा. वडा नं.४ मा बस्ने सुकदेव साहको बुहारी शिवनारायण साहुको पत्नीले आगे मेरो ससुरा सुकदेव साहुको नाउँमा साविकमा मौजे बल्हासघाराको सा.कि.नं. १८४ क्षेत्रफल ०-३-० जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. बल्हासघारा वडा नं. ३ कि.नं. ४७१ क्षेत्रफल ०-२-१०-० जग्गा मेरो ससुरा सुकदेव साहुको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट हुन गई जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउन नसकेकोमा सुकदेव साहुको मिति २०३०/०३/०५ मा आफ्नै कालगतीले परलोक भई निजको हकभोग अपुताली खाने एकमात्र पन्नी रेमनी देवी साहको मिति २०३१/१२/२० मा मृत्यु भई निजहरुको हकभोग खाने एकमात्र छोरा शिव नारायण साहको मिति २०३२/०२/२२ मा मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नि म निवेदिका लाखपति देवी मात्र भएकोले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.१२३५० मिति २०८२/१०/०९ को यस कार्यालयमा माग निवेदन बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि. नं. | क्षे.फ. | फिल्डबुक व्यहोरा |
|---|---|---|---|---|
| बल्हासघारा | ३ | ४७१ | ०-२-१०-० | कैफियत महलमा यो जग्गा पं.व.स.वा.नं. ३ मा बस्ने सुकदेव साहुको नम्बरी छ । द...... |



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८३।०२।०९

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि.शाखा मलगंवा, सर्लाही**

| क्र.स. | ग्राहकको नाम थर | कर्जा मिसिल नं. | ठेगाना | बाबु/पति/प्रो.को नाम | बाजे/ससुराको नाम | उद्देश्य | जम्मा सांवा रकम | २०८३।०२।०७ सम्मको ब्याज रकम (रु.) | २०८३।०२।०७ सम्मको जम्मा बूझाउनुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्र राय यादव | ४९८९ | मलगंवा-५,सर्लाही | निरसु राय यादव | निसनी राय यादव | उत्पादन कर्जा | ३६०,०००।६८ | १०४,०४४।३८ | ४६४,०४५।०६ |
| २ | सिकिलिया देवी | ८५९५ | गम्हरीया-५,सर्लाही | राम स्वरुप राय यादव | राम वृक्ष राय | सरलकृषि कर्जा | १९९,५०९।६५ | ८९,९९३।६७ | २८९,५०३।३२ |
| ३ | राम दरेश राय | ८८७८ | मलगंवा-१, सर्लाही | राम वृक्ष कापर | गर्भु कापर यादव | कृषि कर्जा | ९८२,४७६।९९ | १,३१४,५०३।६५ | २,२९६,९८०।६४ |
| ४ | राज नारायण ठाकुर | १०२६३ | भगवतीपुर-६,सर्लाही | थुकरु ठाकुर | अघनु ठाकुर | कृषि कर्जा | १८४,३०८।४८ | १७३,५५४।७१ | ३५७,८६३।१९ |
| ५ | राम परी देबी सुदिन | ११०५७ | सलेमपुर-४,सर्लाही | असर्फी महतो सुडि | मोती महतो | ब्यापार कर्जा | २००,०००।०० | ७४,८०४।३६ | २७४,८०४।३६ |
| ६ | वीणा देवी मिश्र | ११२०१ | बलरा-४,सर्लाही | दिनेश मिश्र | आलोक कुमार मिश्रा | ब्यक्तिगत कर्जा | ४९८,६७९।०० | ५२०,१२६।१३ | १,०१८,८०५।१३ |
| ७ | गर्भु बाबा भैसी फर्म | ११५८७ | मलगंवा-१,सर्लाही | प्रो. राम कलेवर राय यादव | | कृषि कर्जा | ३,९८५,८३४।०० | ३,९३८,३३०।७८ | ७,९२४,१६४।७८ |
| ८ | जुगेश्वर राय यादव | ११६१९ | मलगंवा-३,सर्लाही | राम वृक्ष राय यादव | लक्ष्मी राय | ब्यापार कर्जा | १४३,०६६।०१ | ११५,४६०।७९ | २५८,५२६।८० |
| ९ | सिकिल देवी यादवनी | ११६९३ | मलगंवा-७,सर्लाही | किसुन राय यादव | बैज नाथ राय यादव | कृषि कर्जा | २००,०००।०० | १२८,६५०।८६ | ३२८,६५०।८६ |
| १० | विश्व नाथ राय यादव | ११८९८ | गम्हरीया-३,सर्लाही | हरनन्दन राय | महाबीर राय | ब्यापार कर्जा | २००,०००।०० | १०२,५१३।४७ | ३०२,५१३।४७ |
| ११ | गिता देवी | ११९०७ | मलगंवा-५,सर्लाही | दशै ठाकुर | राम श्रेष्ठ ठाकुर | घरायसी कर्जा | ५००,०००।०० | २९५,३३४।७९ | ७९५,३३४।७९ |
| १२ | श्रीमति सिकील देवी | ११९१० | सिमरा भगवतीपुर-७ | तपेश्वर राय | विरेन्द्र प्रसाद यादव | घरायसी कर्जा | ५००,०००।०० | १७१,८२५।३१ | ६७१,८२५।३१ |
| १३ | राम स्वरुप राय | १२१८१ | गम्हरीया-५ सर्लाही | राम वृक्ष राय यादव | माझी राय | ब्यापार कर्जा | २००,०००।०० | १०९,७०९।२४ | ३०९,७०९।२४ |
| १४ | जानकी पशुपालन उद्योग | १२३११ | सुन्दरपुर-६,सर्लाही | प्रो दरोगा साह तेली | | कृषि कर्जा | २६२,८३३।७० | २९,३८८।४२ | २९२,२२२।१२ |
| १५ | राम ईश्वर राय | १२३८३ | सलेमपुर-१,सर्लाही | राम वृक्ष राय | तिलधारी राय | सरलकृषि कर्जा | ९५०,०००।०० | १०१,५१५।७५ | १,०५१,५१५।७५ |
| १६ | सालीग्राम मण्डल | १२३९६ | सिसौटिया-८,सर्लाही | चन्द्र देव मण्डल | लक्ष्मी मण्डल | कृषि कर्जा | ३००,०००।०० | ३४७,८२५।९९ | ६४७,८२५।९९ |
| १७ | गढीमाई हिरा ईंटा उद्योग | १२६२६ | कविलासि-५,सर्लाही | साझेदार-श्री राज कुमार राय र श्री राम कुमारी देवी | | उद्योग र हायर पर्चेज कर्जा | ६,३०९,१७४।३९ | १,१५७,०८९।४९ | ७,४६६,२६३।८८ |
| १८ | राम सिरीठ दास | १२६९० | रामनगर बहुर्वा-३, सर्लाही | राम धारी दास | छठु दास | सरलकृषि कर्जा | ६७५,०००।०० | २२९,०४१।४९ | ९०४,०४१।४९ |
| १९ | अभिषेक इन्टरप्राइजेज | १२८९९ | मलगंवा-९,सर्लाही | प्रो. शशिकला कुमारी | | ब्यापार कर्जा | २,०००,०००।०० | ११८,५०१।२३ | २,११८,५०१।२३ |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, बीरगंज, पर्सा**

# गोकुलधामको पीडा बिर्सेका छैनौं : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकार ढाल्न गोकुलधामबाट खेल भएको आरोप लगाएका छन् ।

शुक्रवार विश्वासको मत लिनका लागि बसेको बैठकमा विश्वासको मतका लागि दलहरुसँग प्रस्ताव राख्ने सम्बोधनको क्रममा जसपा नेपालका मनिष सुमनले लगाएको आरोपको जवाफ दिदैं मुख्यमन्त्री यादवले यस्तो भनेको हो ।

उनले जसपा नेपालका सांसद मनिष सुमनले गरेको आलोचनाको जवाफ दिदैं हामीलाई पनि इच्छा थिएन कि संगै हिंडिरहेका साथीको साथ छोडेर नयाँ सहमति बनाउने । तर यस्तो परिस्थिति किन उत्पन्न भयो, कहाँबाट यसको सुरुवात भयो, ती कुरा सबैलाई थाहा भएकै कुरा भएको हो । अरुलाई औँला ठड्याउनु भन्दा आफ्नो छाती पनि हात राखेर एक सोच्नुपर्ने हो । यही सदनबाट आफ्नै पार्टीको सरकार फाल्न पाँच/पाँच पटक प्रयास



जनमतले गरेको छ, यस्तो पनि कही पार्टी हुन्छ ।'

उनले थप्दै भने 'म माथि आरोप लगाउने आफ्नै पार्टी सरकारमा छ, आफ्नै मन्त्री सरकारमा छ दिनरात दौडया छ यसलाई कसरी निकालेर आफू मन्त्री बन्ने मलाई थाहा छैन । म कहाँ को को मन्त्री बन्न आएको हो, मलाई थाहा छैन, मैले चिन्या छैन । गोकुलधाममा दिनका दिन मिटिङ्ग हुन्छ, सत्तारुढकै साथी त होला नि, प्रतिपक्ष पनि होला, उनको धर्म छ, प्रतिपक्षी बिगार्नै चाहन्छ त्यो हामी बिर्सियौं । त्यो पीडा छ मलाई, म यस्तो चाहेको थिएन । तर बाध्य बनाइयो ।'

जसपा नेताको घरलाई गोकुलधामको संज्ञा दिइएको आंकलन गरिदैछ । आफ्नो नेतृत्वमा सरकार बनाउन जसपा नेपालले रणनीति बनाएको थियो, त्यसलाई तोड्न एमालेसँग नयाँ गठबन्धन गरेको भन्ने संकेत उनको थियो ।

बैठकमा प्रतिपक्षी जसपा नेपालका सांसद मनिष सुमनले कांग्रेसले सत्तारुढ दलहरु खासगरी जसपा नेपालसँग छलकपट गरेको आरोप लगाएका थिए । उनले भने 'मुख्यमन्त्री यादवले कसरी बिर्सियो, जसलाई हटाउन अर्थात एमालेलाई हटाउन हामीले कुटाई खाएको, आन्दोलन मात्र होइन अदालतसम्म पुगेको, उनलाई मुख्यमन्त्री बनाउन आफ्नै पार्टीका जितेन्द्र सोनललाई हटाएको यस्ता दिनहरु बिर्सेर कसरी ती दलसँग गठबन्धन गरियो, यो निकृष्टको पराकाष्ठा हो ।'

जनमत पार्टी मात्र होइन सत्ता नेतृत्वकर्ता कांग्रेस पार्टी समेतले सरकारको काम कारवाही चर्को आलोचना गरेका थिए । जनमत पार्टी संसदीय दलको नेता चन्दन सिंहले सरकारको कामकारवाही सुस्त गतिमा र सरकारमा भएका आफ्ना दलका मन्त्रीलाई काम गर्न नदिई होच्याउने गरेको कार्यशैलीबाट आजित भई सरकारबाट समर्थन फिर्ता लिएको बताएका थिए ।

जसपा नेपालका मनिष सुमनले सरकारको कार्यशैलीप्रति शुरुदेखि शंका रहेको र काम गर्नबाट रोक्ने काम मुख्यमन्त्रीबाट पटक पटक भएको आरोप लगाएका थिए ।

सत्तारुढ कांग्रेसका सांसद विरेन्द्र सिंहले सरकारको काम कारवाहीबाट नेपाली कांग्रेस समेत असन्तुष्ट रहेको आलोचना गर्दै संघीयता र लोकतन्त्रको रक्षार्थ हेतु सरकार परिवर्तन गर्नु जनतामा नराम्रो जाने भएकाले वर्तमान सरकारलाई स्थायित्वका लागि सहयोग गर्न आग्रह गरेका थिए ।

# प्रतिनिधिसभा निर्वाचनको समीक्षा

**टुडे समाचारदाता**

जनकपुरधाम । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको समीक्षा गर्दै निर्वाचन आयोगले आगामी निर्वाचनलाई अझ व्यवस्थित, स्वच्छ र भयरहित बनाउने प्रतिबद्धता जनाएको छ ।

जनकपुरधाममा शुक्रवार आयोजना गरिएको कार्यक्रममा आयोगले निर्वाचनका क्रममा भएका सकारात्मक अभ्यास, देखिएका चुनौती तथा सुधार गर्नुपर्ने पक्षबारे प्रदेशस्तरीय समीक्षा गर्न जनाएको छ ।

कार्यक्रममा बोल्दै निर्वाचन आयोगका सचिव मधुसुदन बुर्लाकोटीले निर्वाचन प्रक्रियाका क्रममा प्राप्त अनुभव, असल अभ्यास र सुधार गर्नुपर्ने रणनीतिसम्बन्धी सुझाव संकलन गरिएको जानकारी दिए ।

उनले संकलित सुझावका आधारमा आगामी निर्वाचनलाई अझ पारदर्शी, विश्वसनीय



र भयरहित बनाउन आवश्यक कार्यान्वयन गरिने बताए । उनले निर्वाचनलाई निष्पक्ष र मर्यादित बनाउन आचारसंहिता कार्यान्वयनलाई कडाइका साथ अघि बढाइने तथा मतदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने उल्लेख गरे । समीक्षा कार्यक्रममा निर्वाचन आयोगका उपसचिव कमल ज्ञवाली, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकायका अधिकारी तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

# जब अपमानलाई पहिचान बनाइन्छ....

ब्लग :



**श्यामसुन्दर शशि**

बितेको साता विश्व राजनीति उकुस-मुकुसमय रह्यो । लामो सिजफायरपछि, अमेरिकाकी युद्धवाहक जहाज पुनःइरानको आकाशमा चक्कर लगाएको देखियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प चीन भ्रमणबाट फर्केको तीनदिन नबित्दै रुसी राष्ट्रपति पुतिन चिनीया समकक्षी सि जिङ संग अंगालो मारेर तस्वीर साझा गरेको कौतुहलपूर्ण दृश्य पनि देखियो । नेकपा एमालेले पूर्व राष्ट्रपति डा. रामबरण यादव तथा पूर्व प्रधानमन्त्रीहरु केपी शर्मा ओली र झलनाथ खनालको उपचामा खर्च भएको ३ करोड ८५ लाख रुपियाँ राज्यकोषमा फिर्ता गरेको शुभ समाचार पढ्यियो । नेपालका विवादित व्यावसायी दीपक भट्ट र जगदम्बा होल्डिङका अध्यक्ष सुलभ अग्रवाल तथा शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवालसहित २९ जनामाथि सम्पति शुद्धिकरण कसुरमा २० अर्ब रुपियाँ बिगो कायम गरेर मुद्धा दायर गरेको समाचार पढ्यियो अनि नेपाली काँग्रेस, नेकपा एमाले र श्रम संस्कृति पार्टीको अनुनय-विनय तथा हो-हल्लाका बावजूद प्रधानमन्त्री बालेन्द्र शाह सांसदहरुलाई संवोधन गर्न संसद नछिरेको तथा हो-हल्लाकै बीच विधेयक पारित भएको दृश्य टेलिभिजनको पर्दामा प्रत्यक्ष देखियो ।

तर यी र यस्ता अनेकौ घटना-परिघटनामध्ये विश्वलाई तरंडित बनाएको घटना हो- भारतीय जेन-जी युवा अभिजीत दिपकेले सञ्चालन गरेको 'काकरोच/साङलो/तेलचट्टा' अभियान। सामाजिक सञ्जालमार्फत चलाइएको यस व्यङ्यात्मकअभियानले जहाँ भारतीय युवालाई गोलबन्द गरेको छ, त्यही गरिबी रेखामुनि रहेका मध्य एशियाका युवाहरुलाई नयाँ सिख पनि दिएको छ । त्यो सिख के हो भने-राजनीति एउटै नेताले पुस्त-दरपुस्तगरी खाने व्यावसाय होईन । युवाहरु परिवर्तनका वाहक हुन् । बेरोजगारी युवाको चाहना होईन, राज्यको असफलताको प्रतिफल हो । परिवर्तन सडक तताएर मात्र हुदैन, मोवाईल, लेपटप र कम्प्युटरको की-बोर्डबाट पनि सम्भव छ ।

पाँचदिनभित्र यस अभियानसंग भारतका डेढ करोड भन्दा अधिक युवा जोडिई सकेका छन् । यो सामग्री पाठकहरुको हाथसम्म पुग्दा अभियानसंग जोडिनेहरुको संख्या २ करोड नाघ्ने छन् । यस अभियानले अपमानलाई पहिचानको रुपमा स्वीकार गर्दाको आत्मगौरव झल्काएको छ ।

असलमा भारतका चिफ जस्टीश (प्रधानन्यायाधीश) सूर्यकान्तले एक मुद्दाको सुनुवाईको क्रममा बेरोजगार युवाहरुलाई काकरोच अर्थात् साङलोसंग तुलना गरेका थिए । साङलो अर्थात् परजीवी, जो आफै काम गर्दैनन् । सामाजिक सञ्जाल चहारेर दिन बिताउँछन् । अल्छी हुन्छन् । अमेरिकाको प्रतिष्ठित बोस्टन युनिभर्सिटीमा स्नातकोत्तर



AI Generated Photo

गरिरहेका जेन-जी युवा अभिजीत दिपकेलाई चिफ जस्टिशको यो टिप्पणी मन परेन । उनले सामाजिक सञ्जालमा लेखे- 'सबै साङलाहरु एक जूट भए भने के हुन्छ ?' बस, देश विदेशमा रहेका भारतीय युवाहरु एक जुट हुन थाले ।पाँचदिनमै यी साङलाहरुको गोला २ करोडको डल्लोमा रुपान्तरण भएको छ । अब यी तेलचट्टाहरु के गर्ने होलान? क-कस्को तेल चाट्ने होलान् ?

यस व्यङ्यात्मक अभियानको नाम दिइएको छ- 'काकरोच जनता पार्टी (सीजेपी) ।'नेपालका जेन-जी पुस्ताहरु जस्तै भारतीय जेन-जी पुस्ताको यो अभियान भोलि राजनीतिक दलको रुपमा परिणत होला वा नहोला, भविष्यले देखाउने हो तर यस अभियानले भारतीय जनता पार्टी, भारतीय कांग्रेस पार्टी, आम आदमी पार्टी जस्ता राजनीतिक दलहरुको जग भने नराम्ररी हल्लाएको छ । दुई वर्ष यता, जेन-जीयुवाहरुको साईबर विद्रोहको रापताप नेपालसंगै श्रीलंका र बंगलादेशका जनताले अनुभव गरिसकेका छन् । भाद्र २३ र २४ गतेको जेन-जी विद्रोहले नेपालमा झण्डै दुई तिहाईको सरकारलाई धूलिसात पारेको तथा फागुन २१ गते सम्पन्न आमनिर्वाचनमा यिनै जेन-जी पुस्ताले अगुवाई गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई बहुमत प्राप्त गरेको दुनियाले देखेकै छ ।

बेरोजगारी युवाहरुद्वारा सिर्जित समस्या होईन, सरकारले आफ्नो दायित्व पूरा गर्न नसकेको प्रतिफल हो । ५० डिग्रीको रापतापमा काम गर्न खाडी जानु पर्ने विवश नेपाली युवाहरुले आफ्नो देशमै काम पायो भने काम गर्छ कि गर्दैनन ?पक्कै पनि गर्छन । फेरि अपमानलाई पहिचानको रुपमा स्वीकार गर्दा अपमानितहरु बीच गजबको एकता हुँदा रैछन् । जसको उदाहरण नेपालमै पनि छन् । मधेश आन्दोलन अघि काठमाण्डौ जाने मधेशीहरुलाई त्यहाँका मूलवासीहरु मर्सिया भन्थे । धोती भनेर गिज्याउँथे । दलित, आदिवासी र जनजातिलाई हेला गर्थे तर जब माओवादीसम्बद्ध मधेशी मुक्ति मोर्चाका संयोजक मातृका प्रसाद यादवले काठमाण्डौको गलिगलिमा लेख्न लगाए- 'गर्व से कहू हम मधेशी छी । भगौडा नहि धरती पुत्र छी ।' जब मधेश आन्दोलनले नेपाली सत्ताको जग हल्लाउन थाले । जब थारु, दलित, आदिवासी जनजातिहरु राज्य तथा सत्ताधारीद्वारा गरिदै आएको अपमानलाई पहिचानको रुपमा स्वीकार गर्दै आन्दोलनमा उत्रेपछि नेपाली राज्यसत्ता थोर बहुत जिम्मेवार बने । अतः राज्यलाई सचेत गर्न, सरकारको कामकाजबारे सम्झाउन, जिम्मेवार बनाउन युवाहरुको हस्तक्षेप आवश्यक हुन्छ ।

# जनमत र एमालेबीच उखान टुक्काबाट कटाक्ष

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभामा दलहरुबीच पटक पटक देउँसी भैलो हुँदै आएको छ । तर शुक्रवार बसेको बैठकमा जनमत पार्टी र एमालेबीच मधेश प्रदेश सभामा चर्काचर्की मात्रै भएन, उखान-टुक्का र कटाक्षले भरिएको 'देउँसी-भैलो' नै चल्यो ।

कांग्रेस-एमाले गठबन्धन र संघीयताको विषयलाई लिएर सत्ता पक्ष र प्रतिपक्षबीच आरोप-प्रत्यारोप मात्र भएन कि, सत्ता पक्ष र प्रतिपक्ष आमनेसामने हुँदा बैठक केही समय निकै तातिएको थियो ।

जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले नेपाली कांग्रेस र एमालेबीच बनेको सत्ता गठबन्धनलाई "अप्राकृतिक" भन्दै त्यसलाई "भैंसी र गदहाको सहवास" जस्तो रहेको टिप्पणी गरेपछि सदनमा हलचल मच्चिएको थियो ।




AI Generated Photo

उनले एमालेलाई व्यंग्य गर्दै भने, "हाम्रा केही साथीहरू जो हिजोसम्म हामीसँगै थिए, तर आज अप्राकृतिक गठबन्धनमा लाग्नुभएको छ । एउटा उखानमा भन्या छ नि– भैंसी र गदहा जस्तोको सहवास । यस्तो गठबन्धनले अप्राकृतिक शक्ति जन्माउँछ, त्यसैले समय छदैं फर्केर आऊ ।"

सिंहले कांग्रेस-एमाले सहकार्यले देशलाई पुनः अस्थिरता र संकटतर्फ धकेल्ने खतरा बढेको दाबी पनि गरे । विगतका राजनीतिक घटनाक्रम स्मरण गराउँदै उनले संघीय संसद्मा बनेका यस्तै समीकरणकै कारण देशले कठिन परिस्थिति भोग्नुपरेको उल्लेख गरे ।

उनले जनआन्दोलनअघिको अवस्था दोहोरिन सक्ने चेतावनी दिंदै मधेश प्रदेशकै अस्तित्वमाथि समेत प्रश्न उठ्न सक्ने आशंका व्यक्त गरे । "भोलि मधेश प्रदेश नै नरहने अवस्था आउँदैन भनेर ग्यारेन्टी गर्न सकिँदैन," भन्दै उनले वर्तमान सत्ता गठबन्धनप्रति असन्तुष्टि पोखे ।

जनमत नेताको कटाक्षपछि एमाले संसदीय दलका नेता सरोज यादवले पनि उस्तै शैलीमा जवाफ फर्काए । उनले अरूको कमजोरी औँल्याउनुभन्दा पहिले आत्मसमीक्षा गर्न सुझाव दिँदै "आफ्नो आङको भैंसी नदेख्ने, अर्काको आङको जुम्रा देख्ने प्रवृत्ति" त्याग्नुपर्ने टिप्पणी गरे ।

यादवले एमाले देशकै ठूलो संघीयतावादी शक्ति भएको दाबी गर्दै एमालेलाई संघीयताको पाठ पढाउने प्रयास उचित नहुने चेतावनी दिए । उनले 'जेनजी विद्रोह' प्रसंग निकाल्दै त्यसबेला एमाले नेतृत्व मात्र नभई जनमत पार्टीका कार्यालयसमेत असुरक्षित बनेको स्मरण गराए ।

"जेनजी विद्रोह हुँदा हाम्रो नेतृत्व मात्रै असुरक्षित भएको थिएन, तपाईंहरूको कार्यालय पनि जलाइएको थियो," उनले भने, "त्यसैले एमालेमाथि औँला उठाउँदा आफ्नो वास्तविकता पनि हेर्नुपर्छ ।"

नेपाली कांग्रेस र नेकपा एमाले बीचको गठबन्धनले देशलाई पुनः अस्थिरता र संकटतर्फ धकेल्ने खतरा बढेको बताए । उनले विगतमा कांग्रेस-एमाले सहकार्यको परिणामले निम्त्याएको जेनजी आन्दोलनबाट उत्पन्न परिस्थितिले देशले भोगिरहेको अवस्था बारे अवगत सकेको राजनीतिक समीकरणप्रति चिन्ता व्यक्त गरे ।

उनले जनआन्दोलनअघिको राजनीतिक अवस्था स्मरण गराउँदै त्यतिबेलाको परिस्थिति पुनः दोहोरिन सक्ने बताए । 'भोलि मधेश प्रदेश नै नरहने अवस्था आउँदैन भनेर ग्यारेन्टी गर्न सकिँदैन,'भन्दै उनले वर्तमान सत्ता गठबन्धनप्रति असन्तुष्टि जनाए ।

सिंहले गरेको कटाक्षमा एमाले संसदीय दलका नेता सरोज यादवले एमाले नेता यादवले अरूको कमजोरी औँल्याउनुभन्दा पहिले आत्मसमीक्षा गर्न आग्रह गरे । उनले 'आफ्नो आङको भैंसी नदेख्ने, अर्काको आङको जुम्रा देख्ने प्रवृत्ति' त्याग्नुपर्ने भन्ने जवाफ फर्काए ।

उनले एमाले देशकै ठूलो संघीयतावादी शक्ति भएको दाबी गर्दै एमालेलाई संघीयताको पाठ पढाउन खोज्नु उचित नहुने चेतावनी दिए । 'जेनजी विद्रोह'को प्रसंग उल्लेख गर्दै उनले त्यसबेला एमाले नेतृत्व मात्रै नभई जनमत पार्टीका कार्यालयसमेत असुरक्षित बनेको टिप्पणी गरे ।

'जेनजी विद्रोह हुँदा हाम्रो नेतृत्व मात्रै असुरक्षित भएको थिएन, तपाईंहरूको कार्यालय समेत जलाइएको थियो, 'उनले भने, 'त्यसैले एमालेमाथि औँला उठाउँदा आफ्नो वास्तविकता पनि हेर्नुपर्छ ।'

# जिल्लास्तरीय राष्ट्रपतिरनिंग शिल्ड प्रतियोगिता शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला खेलकुद विकास समिति धनुषाका अध्यक्ष कुशकुमार यादवले खेलकुद क्षेत्रमा पूर्वाधारसहित भविष्यका कर्णधार निर्माणका लागि अहिलेदेखि नै खेलकुद्प्रति कटिबद्ध हुनु जरुरी रहेको बताएका छन् ।

जनकपुरधाममा शुक्रबार जिल्लास्तरीय राष्ट्रपतिरनिंग शिल्ड प्रतियोगिताको उद्घाटन समारोहमा बोल्दै अध्यक्ष यादवले खेलकुदले विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासमा समेत अर्थपूर्ण रहेको बताए । उनले राष्ट्रकै पहिचान उच्च बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने, 'विद्यालय स्तर नै खेलाडी उत्पादन गर्ने मुख्य थलो हो । यो प्रतियोगिताबाट छानिएका उत्कृष्ट खेलाडीहरूले भोलि प्रदेश र राष्ट्रिय स्तरमा जिल्लाको नाम रोशन गर्नेछन् भन्ने विश्वास लिएको छु ।' अध्यक्ष यादवले खेलकुद क्षेत्रको विकास र खेलाडीहरूको वृत्ति विकासका लागि समिति निरन्तर लागिपर्ने प्रतिवद्धता व्यक्त गरे ।




प्रतियोगिता अवधिभर छात्र तथा छात्रातर्फ भलिबल, कबड्डी, एथलेटिक्स, मार्सल आर्ट्स लगायतका विभिन्न खेलविधाहरूमा प्रतिस्पर्धा गराइने आयोजकले जनाएको छ ।

यस प्रतियोगितामा जिल्लाका विभिन्न स्थानीय तहबाट प्रतिस्पर्धामा विजयी भइ आएका विद्यालय तथा खेलाडीहरुबीच प्रतिस्पर्धा हुने छ । प्रतियोगितालाई मर्यादित र अनुशासित रूपमा सम्पन्न गराउन आयोजक समितिले सम्पूर्ण तयारी पूरा गरिसकेको र खेलहरू उत्कृष्ट ढंगले सञ्चालन हुने जनाएको छ ।

**जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।**

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लंघन हो- यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिया भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता,सहिष्णुतारआपसीसम्मानलाईप्रबर्द्धनगरौं।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।


नेपाल सरकार
विज्ञापन बोर्ड

# घुस सहित प्रमुख प्रशासकीय अधिकृत पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव ७२ हजार घुस रकमसहित पक्राउ परेका छन् ।

एक उपभोक्ता समिति अध्यक्षसँग घुस लिइरहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले यादवलाई पक्राउ गरेको हो । उपभोक्ता समिति अध्यक्षसँग काम मिलाइदिने नाममा रकम मागिएको भन्ने सूचनाका



आधारमा खटिएको अख्तियारको टोलीले उनलाई औरही सडक क्षेत्रबाट पक्राउ गरेको जनाएको छ । अख्तियारका अनुसार पक्राउ परेका यादवसँग थप नगद रकमसमेत रहेको आशंका गरिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८